शिक्षक मेन्टरिङ कार्यक्रम कार्यान्वयन

हाते पुस्तिका

प्रकाशित वर्ष २०८०
पहिलो संशोधित संस्करण २०८१

यस हाते पुस्तिकाले कुनै मेन्टरले पाँच आधारभूत सिकाइ सीपहरूमा आधारित रही कक्षाकोठा अवलोकन गरी अवलोकन पश्चात कसरी मेन्टिरिङ गर्न सक्छन् भन्ने बारेमा चरणबद्ध मार्गदर्शन प्रदान गर्दछ ।

नेपाल सरकार
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची

परिच्छेद १.....३

१. परिचय.....४

२. शिक्षक मेन्टरिङ कार्यक्रमको औचित्य.....४

३. शिक्षक मेन्टरिङको उद्देश्य.....४

परिच्छेद २.....५

शिक्षण मेन्टरिङ प्रक्रिया.....५

२. शिक्षक मेन्टरिङका चरणहरू.....७

Classroom Observation Form.....१०

कक्षा अवलोकन फाराम.....१०

अवलोकन उपकरण मापन स्केल.....१६

मेन्टरिङको प्रोटोकल.....३९

मेन्टरिङ प्रक्रिया.....४०

मेन्टरलाई निर्देशन.....४०

मेन्टरिङ सत्र.....४१

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण.....४३

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले सबै विद्यार्थीलाई सम्मानजनक व्यवहार गर्छन्.....४४

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीसँग सकारात्मक भाषा प्रयोग गर्छन्.....४५

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीहरूका आवश्यकतालाई सम्बोधन गर्छन्.....४६

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले कक्षाकोठामा कुनै पनि लैङ्गिक समूहलाई अन्यायपूर्ण व्यवहार गर्दैनन्.....४७

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले पाठका उद्देश्यहरू स्पष्ट रूपमा बताई कक्षाकोठा क्रियाकलापहरूलाई ती उद्देश्यसँग तालमेल गराउँछन्.....४८

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीको बुझाइको स्तर सुनिश्चित गर्न प्रश्नोत्तर वा अन्य रणनीतिहरू प्रयोग गर्छन्.....५०

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले व्यक्तिगत वा सामूहिक कार्यको क्रममा अधिकांश विद्यार्थीको अनुगमन गर्छन्. ५२

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीको स्तर अनुसार शिक्षक क्रियाकलापलाई समायोजन गर्छन्.....५३

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : समालोचनात्मक सोच.....५४

चरण ३: समुदायको सिकाइ (Community of Practice).....५५

सत्रको संरचना ५५
कार्ययोजना र प्रतिबद्धता ५६
परिच्छेद ३ ..... ५७
मुख्य भूमिका र जिम्मेवारी ५७
४. मेन्टीको (नवप्रवेशी शिक्षक) भूमिका ५७
- मेन्टरसँग स्टार्ट-अप (सुरू) बैठकहरूमा भाग लिने ५७
- योजना बनाइएको तालिकामा सहमत हुने ५७
- योजनाबद्ध क्रियाकलापहरूमा सहभागी हुने ५७
- कक्षाकोठा क्रियाकलापहरू गरी यसले विद्यार्थीहरूको कार्यसम्पादनमा पारेको प्रभावका बारेमा चिन्तन मनन गर्ने ५७
- अन्य मेन्टी र मेन्टरसँग सहकार्य गर्ने ५७
- समुदायको सिकाइमा सक्रिय रूपमा सहभागिता जनाउने ५७

परिच्छेद १

शिक्षक मेन्टरिङ कार्यक्रम

१. परिचय

विद्यालयमा कार्यरत शिक्षकहरूको कार्यदक्षतामा अभिवृद्धि गरी गुणस्तरीय शिक्षण सिकाइमार्फत विद्यार्थीको सिकाइमा बढोत्तरी ल्याउन सकिन्छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा मार्गदर्शन गरेको छ । यसैगरी विद्यालय शिक्षा क्षेत्र योजना (२०७९/०८०-२०८९/०९०) ले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई विद्यार्थीको सिकाइउपलब्धि बढाउन शिक्षक पेसागत विकासको आयामलाई फराकिलो बनाउने कुरामा जोड दिएको सन्दर्भमा शिक्षक मेन्टरिङ कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । शिक्षण पेसामा नवप्रवेशी शिक्षकलाई अनुभवी र आफ्नो विषयक्षेत्रमा विज्ञ मेन्टर शिक्षकको मार्गनिर्देशनमा रहेर विषयसम्बद्ध आधारभूत शैक्षणिक सिपहरू हासिल गराई कक्षाकोठाको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन तथा विद्यार्थी सिकाइ उपलब्धि बढाउन शिक्षक मेन्टरिङ उपयोगी विधि हुन सक्छ । यसलाई शिक्षकको विद्यालयमा आधारित निरन्तर पेसागत विकासको महत्त्वपूर्ण माध्यमका रूपमा कार्यान्वयनमा ल्याइएको छ । यसमा तालिम प्राप्त, अनुभवी र विज्ञ मेन्टर शिक्षकबाट सहकार्यात्मक तथा सहयोगात्मक शैली अवलम्बन गरी नवप्रवेशी शिक्षकलाई पेसागत तथा प्राविधिक सहायता प्रदान गर्ने कार्य हुन्छ ।

शिक्षक मेन्टरिङ कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० कार्यान्वयनमा ल्याइएको छ । यस कार्यविधिमा तोकिएको आधारमा स्थानीय तहहरूबाट योग्य मेन्टर शिक्षकहरू छनौट हुने र ती मेन्टरहरूलाई शिक्षा तालिम केन्द्रहरूबाट क्षमता विकास तालिम प्रदान गरिने व्यवस्था छ । तालिम प्राप्त मेन्टर शिक्षकबाट मेन्टरिङ कार्यका सिलसिलामा मेन्टरबाट आवश्यक तयारी, कक्षाअवलोकन र पृष्ठपोषणका लागि छलफल सञ्चालन एवम् सामुदायिक अभ्यास (Community of Practices) कार्यलाई प्रभावकारी बनाई नवप्रवेशी शिक्षकहरूमा उक्त कार्यविधिले निर्दिष्ट गरेका सिकाइ सक्षमताहरू हासिल गराउन सजिलो बनाउने ध्येयले यो शिक्षक मेन्टरिङ कार्यक्रम कार्यान्वयन हाते पुस्तिका तयार गरिएको छ ।

२. शिक्षक मेन्टरिङ कार्यक्रमको औचित्य

योग्य, अनुभवी दक्ष र तालिम प्राप्त शिक्षक मेन्टरबाट नवप्रवेशी शिक्षकलाई पेसागत र प्राविधिक सहायता उपलब्ध गराउने कार्यले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउने हुन्छ । गुणस्तरीय शिक्षण सिकाइबाट नै विद्यार्थीको सिकाइ सुदृढ हुने हुँदा यसबाट विद्यार्थीको सिकाइ उपलब्धि बढ्ने अपेक्षा गर्न सकिन्छ । यसका साथै शिक्षक मेन्टरिङमा हुने एक महत्वपूर्ण क्रियाकलाप सामुदायिक अभ्यास हो । यसबाट मेन्टर र नवप्रवेशी शिक्षकहरूबिच सिकाइ आदानप्रदान हुनाले सिकाइ संस्कृतिको विकासमा मद्दत पुग्ने हुन्छ ।

३. शिक्षक मेन्टरिङको उद्देश्य

- नवप्रवेशी र शिक्षण अनुभव कम भएका शिक्षकहरूलाई आधारभूत शैक्षणिक सिपहरूमा दक्षता अभिवृद्धि गराउने
- विद्यालयमा आधारित शिक्षक पेसागत विकास सहायता उपलब्ध गराउने
- शिक्षकको निरन्तर पेसागत विकासका माध्यमबाट कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने
- विद्यालयमा सिकाइ संस्कृतिको विकासमा सहयोग पुर्याउने

परिच्छेद २

शिक्षण मेन्टरिङ प्रक्रिया

१. शिक्षक मेन्टरिङ प्रक्रिया

शिक्षकहरूबिचको पेसागत सम्बन्ध, सहकार्य र साझेदारीका रूपमा शिक्षक मेन्टरिङलाई लिइएको छ । यसलाई शिक्षकको विद्यालयमा आधारित निरन्तर पेसागत विकासको महत्त्वपूर्ण माध्यमका रूपमा कार्यान्वयनमा ल्याइएको छ । दैनिक पाठयोजना निर्माण, सहयोगात्मक सिकाइ वातावरण निर्माण, शिक्षण विधि तथा तरिकाको प्रयोग, विभिन्न सिकाइ आवश्यकता भएका बालबालिकाहरूको सिकाइ तथा विकासमा सहजीकरण गर्ने, सिकाइ सामग्री निर्माण तथा प्रयोग, विद्यार्थी सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने सिप तथा दक्षताको विकासका लागि शिक्षक मेन्टरिङले मद्दत गर्छ । तालिम प्राप्त, अनुभवी र विज्ञ मेन्टरबाट सहकार्यात्मक तथा सहयोगात्मक शैली अवलम्बन गरी शिक्षक मेन्टरिङ हुने भएकाले नवप्रवेशी शिक्षकको शिक्षण सिकाइ क्रमशः गुणस्तरीय हुने अपेक्षा गर्न सकिन्छ।

शिक्षक मेन्टरिङमा देहायको प्रक्रिया अवलम्बन गर्नु अनिवार्य छः


१. मेन्टरले मेन्टी शिक्षकलगायत अन्य सरोकारवालाहरूसँग सुरूवाती बैठकहरू (Start-up meetings) सञ्चालन गरी मेन्टरिङ सञ्चालनको कार्ययोजना निर्माण गर्ने।
२. मेन्टरले सहकार्यात्मक र सहयोगी वातावरणमा मेन्टरिङ सहायता प्राप्त गर्ने वातावरणको सिर्जना गर्ने।
३. मेन्टी शिक्षकले मेन्टरिङको प्रक्रियामा आफ्नो शिक्षण प्रक्रियालाई आवश्यकताअनुसार थप परिस्कृत गर्दै समायोजनको प्रयत्न गर्ने ।
४. मेन्टी शिक्षकले आफ्ना वरपरका विद्यालयमा रहेका अन्य मेन्टी शिक्षकहरूसँग साझा सिकाइ निर्माण, सञ्चार, अभ्यास, र परिष्करण गर्दै समुदायको सिकाइ (Community of Practice- CoP) निर्माण गरी निरन्तर सिक्ने र सिकाउने संस्कारको विकास गर्ने ।
५. बाइस हप्ताको अवधिमा कम्तीमा ३५ घण्टाको सक्रिय सहयोग रहने गरी न्यूनतम प्याकेजबाट मेन्टी शिक्षकहरू लाभान्वित हुने गरी शिक्षक मेन्टरिङ सञ्चालन गर्ने। उक्त ३५ घण्टाको समय विभाजनसम्बन्धी मार्गदर्शन देहायबमोजिम हुने छः

क्र.स.	क्रियाकलाप	समयावधि	कैफियत
१	सुरूआती बैठक, अभिमुखीकरण र कार्ययोजना निर्माण	४ घण्टा	मेन्टर शिक्षक, मेन्टी शिक्षक र सरोकारवालाहरूको उपस्थिति
२	कक्षा अवलोकन र पृष्ठपोषण	१६.५ घण्टा (कम्तीमा १.५ घण्टाको ११ ओटा	२० हप्ता अवधि। प्रत्येक दुई हप्तामा एक पटक भ्रमण गरिने।

		कक्षाकोठामा आधारित सहयोग सत्र हुने छ)	
३	मूल्याङ्कनअघि र पछि पूर्ण रूपमा कक्षाकोठासम्बन्धी मुख्य सक्षमता (CCC) को बारेमा क्रियाकलाप सञ्चालन	३ घण्टा	
४	शिक्षक मेन्टरको सहयोगमा मेन्टी शिक्षकहरूको समुदायको सिकाइ (Community of Practice) निर्माण, बैठक सञ्चालन, कार्यशाला तथा अन्य कार्य (यस क्रममा शिक्षणका नयाँ अभ्यासहरु तथा त्यसले विद्यार्थी सिकाइमा परेका सकारात्मक वा अन्य प्रभाव बारे समेत छलफल हुने)	७.५ घण्टा	मेन्टरिङ प्रक्रियाको अतिरिक्त समय
५	समापन कार्यक्रम, अनुभव आदानप्रदान र प्रमाणपत्र वितरण	४ घण्टा	

२. शिक्षक मेन्टरिङका चरणहरू

कक्षाकोठामा विद्यार्थीको सिकाइलाई सहज बनाउन शिक्षकको क्षमता विकास गर्नु धेरैजसो शिक्षा प्रणालीको सबैभन्दा जल्दाबल्दा चुनौतीहरूमध्ये एक हो । अनुकूल, व्यावहारिक, केन्द्रित र अविछिन्न रहने निरन्तर पेसागत विकासले शिक्षकको अभ्यास एवम् व्यवहारमा सुधार ल्याई विद्यार्थीहरूको सिकाइ अभिवृद्धि गर्ने सन्दर्भमा उत्कृष्ट परिणाम दिने विभिन्न अनुसन्धानले देखाएका छन् । यी चार विशेषताहरूलाई उदाहरणीय बनाउने सबैभन्दा प्रभावकारी मोडालिटीहरूमध्ये एकल (One on one) मेन्टरिङ मोडेल एक हो । एकल मेन्टरिङ मोडेलमा नियमित कक्षाकोठा अवलोकनमार्फत शिक्षकहरूले ती अवलोकनमा आधारित अनुकूल पृष्ठपोषण प्राप्त गर्छन् । चित्र १ मा कार्यक्रमको सारांश र यसका मुख्य चरणहरू प्रस्तुत गरिएको छः



चित्र १ : कार्यक्रमका मुख्य चरणहरू


माथिको चित्रमा निर्दिष्ट प्रत्येक चरण शिक्षकहरूलाई शिक्षण अभ्यासमा सुधारका लागि मद्दत गर्न डिजाइन गरिएको हो। कक्षाकोठा अवलोकनको निष्कर्षमा आधारित रही मेन्टरले ३० मिनेट लामो मेन्टरिङ सत्र सञ्चालन र त्यसपछि महिनामा एक पटक १ घण्टा लामो शिक्षक समुदायको सिकाइको नेतृत्व गर्ने छन्। शिक्षक मेन्टरिङमा शिक्षकहरूलाई शिक्षण अभ्यासमा सुधारका लागि सहयोग सुनिश्चित गर्न तीनवटा चरण अवलम्बन गर्नु आवश्यक हुन्छ ।

चरण १: कक्षाकोठा अवलोकन
चरण २: अवलोकनपश्चातको मेन्टरिङ
चरण ३: समुदायको सिकाइ सत्र

चरण १: कक्षाकोठा अवलोकन

शिक्षक मेन्टरिङमा नवप्रवेशी शिक्षकको कक्षा अवलोकन गर्न फाराम विकास गरिएको छ । यो कक्षाकोठा अवलोकन फाराम (Classroom observation form) विश्वव्यापी अनुसन्धान र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास, देशका शिक्षण

मापदण्डहरू र शिक्षा प्रणालीको सबै तहका प्रमुख सरोकारवालाहरूबाट प्राप्त सुझावलाई ध्यानमा राखी डिजाइन गरिएको छ । चित्र २ मा उल्लिखित मुख्य चरणहरू रहेको प्रासंगीकरणको संरचित प्रक्रिया अवलम्बन गरी अवलोकन फाराम तयार गरिएको छ ।



चित्र २ : कक्षाकोठा अवलोकन फाराम निर्माणका चरणहरू

नेपालको मेन्टरिङ कार्यक्रम निम्न बमोजिमका मुख्य आधारभूत सिकाइ सीपहरूमा केन्द्रित रही यो कक्षा अवलोकन फाराम विकास गरिएको छः

- विद्यार्थीहरूको सिकाइ समयलाई फलदायी बनाउने
- विद्यार्थीहरूका लागि अनुकूल सिकाइ वातावरण सिर्जना गर्ने
- कक्षाकोठाभित्र सकारात्मक व्यवहार प्रवर्धन गर्ने
- विद्यार्थीहरूले पाठका मुख्य अवधारणाहरू सिक्न सक्छन् भन्ने कुरा सुनिश्चित गर्ने
- विद्यार्थीहरूको समालोचनात्मक सोच कौशल विकास गर्ने

नवप्रवेशी शिक्षकले प्रत्येक शिक्षण अभ्यासबमोजिम कस्तो कार्यसम्पादन गरिरहेका छन् भनेर अवलोकन गरी अङ्क (स्कोर) प्रदान गर्नका लागि मेन्टरले मापन स्केलका साथ कक्षाकोठा अवलोकन फाराम प्रयोग गर्दछन् । कक्षाकोठा अवलोकनको नतिजाका आधारमा मेन्टरले शिक्षकलाई मेन्टरिङ गर्ने भएकाले कक्षाकोठा अवलोकन फारामको प्रयोग महत्वपूर्ण रहेको छ । मेन्टरले देहायका कार्यहरू गर्नेछन् :

- पहिलो, अवलोकन **फाराम** प्रयोग गरी अवलोकन गर्ने
- दोस्रो, **नवप्रवेशी** शिक्षकलाई अङ्क दिन प्रत्येक शिक्षण अभ्यासको स्केल (स्तर) प्रयोग गर्ने

- तेस्रो, शिक्षकलाई सबैभन्दा बढी सहयोग चाहिने शिक्षण अभ्यासमा केन्द्रित रही मेन्टरिङ सत्रका लागि मेन्टर र नवप्रवेशी शिक्षक सँगै बसेर छलफल गर्ने, रचनात्मक पृष्ठपोषण आदानप्रदान गर्ने.

Classroom Observation Form

कक्षा अवलोकन फाराम

General Information **सामान्य जानकारी**									
School Name **विद्यालयको नाम:**							**EMIS Number** **EMIS नम्बर:**		
Teacher Name: **शिक्षकको नाम:**									
Mentor Name: **मेन्टरको नाम:**			Date of Observation (dd/mm/yy) **अवलोकन मिति:**						
Mentor designation (circle one) **मेन्टरको पद (सही पदमा गोलो घेरा लगाउनुहोस्।)**	**Teacher** **शिक्षक**	**Head Teacher** **प्रधानाध्यापक**							
About the lesson you observe (complete this section *before* the lesson starts) **अवलोकन गरिने पाठका सम्बन्धमा (पाठ सुरु हुनुअघि भर्ने खण्ड)**									
Grade **कक्षा:**		**Total children in class for the lesson** **जम्मा विद्यार्थी सङ्ख्या**		**Boys:** **छात्र:**		**Girls: छात्रा:**		**Others:** **अन्य:**	
Subject **विषय:**									
Topic: **पाठ शीर्षक:**									

Learning Outcome: **सिकाइ उपलब्धि:**										
Expected sequence of activities during lesson (Write before the start of the Lesson in consultation with Teacher) **पाठ शिक्षणका क्रममा अपेक्षित सिकाइ क्रियाकलापहरूको क्रम (कक्षा सुरु हुनुअघि शिक्षकसँग छलफल गरी लेख्नुहोस् ।)**										
1										
2										
3										
4										
5										
1	**TIME ON LEARNING** **सिकाइ समय**	**1st पहिलो**			**2nd दोस्रो**			**3rd तेस्रो**		
1.1	**Students are engaged on given task** **विद्यार्थी दिइएको कार्यमा सहभागी भएका छन्।**	**L**	**M**	**H**	**L**	**M**	**H**	**L**	**M**	**H**
Teaching Practices to observe **शिक्षण सिकाइ क्रियाकलापको अवलोकन**						***Score अङ्क***				
2. POSITIVE EXPECTATIONS **२. सकारात्मक अपेक्षाहरू**					**Low *न्यून***	**Low-Medium** ***न्यून मध्यम***		***Medium*** ***मध्यम***	***Medium-High*** ***मध्यम उच्च***	***High उच्च***

2.1	**The teacher acknowledges positive student behaviour.** **शिक्षकले सकारात्मक व्यवहारको प्रशंसा गर्नुहुन्छ ।**	1	2	3	4	5
2.2	**The teacher redirects unexpected behaviour and focuses on the expected behaviour.** **शिक्षकले अनपेक्षित व्यवहारलाई पुननिर्देशित गरी अपेक्षित व्यवहारमा केन्द्रित गर्नुहुन्छ ।**	1	2	3	4	5
3. CREATING HIGH EXPECTATIONS AND INCLUSIVE LEARNING ENVIRONMENT **३. उच्च अपेक्षा र समावेशी सिकाइ वातावरण सिर्जना**						
3.1	**The teacher treats all students respectfully.** **शिक्षकले सबै विद्यार्थीलाई आदरपूर्वक व्यवहार गर्नुहुन्छ ।**	1	2	3	4	5
3.2	**The teacher responds to students' needs.** **शिक्षकले विद्यार्थीका आवश्यकताहरुलाई सम्बोधन गर्नुहुन्छ ।**	1	2	3	4	5
3.3	**The teacher acknowledges students' efforts, rather than focusing only on results, students' intelligence, or natural abilities.** **शिक्षकले विद्यार्थीका प्रतिभा, नतिजा र क्षमताको मात्र नभई विद्यार्थीका प्रयासको पहिचान गरी प्रशंसा गर्नुहुन्छ।**	1	2	3	4	5
3.4	**Teacher uses additional learning materials effectively.** **शिक्षकले थप सिकाइ सामग्रीहरूको प्रभावकारी प्रयोग गर्नुहुन्छ।**	1	2	3	4	5
3.5	**Teacher Manages the Physical arrangement of the classroom to allow all students to learn** **शिक्षकले सबै विद्यार्थीलाई सिक्नका लागि कक्षाकोठामा भौतिक व्यवस्थापन गर्नुहुन्छ ।**	1	2	3	4	5
4	**Effective and engaging learning strategies** **प्रभावकारी र सहभागितामूलक सिकाइ रणनीतिहरु**					
4.1	**The teacher explicity articulates the objectives of the lesson and relates classroom activities to the objectives.** **शिक्षकले मुख्य सिकाइ उपलब्धिहरूलाई स्पष्ट रूपमा व्याख्या गर्नुहुन्छ र कक्षाकोठाका क्रियाकलापहरूलाई उपलब्धिहरूसँग सम्बन्धित गरी प्रष्ट पार्नुहुन्छ।**	1	2	3	4	5

4.2	**Teacher is teaching using Student-centered activities.** **शिक्षकले विद्यार्थीकेन्द्रित क्रियाकलापमार्फत शिक्षण गर्नुहुन्छ।**	1	2	3	4	5
4.3	**The teacher makes connections in the lesson that related to other content knowledge or students' daily lives.** **शिक्षकले पढाउने पाठलाई विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित गर्नुहुन्छ।**	1	2	3	4	5
4.4	**The teacher uses questions, prompts or other strategies to ensure students' level of understanding.** **शिक्षकले विद्यार्थीको बुझाइको स्तर सुनिश्चित गर्न प्रश्नोत्तर वा अन्य रणनीतिहरू अपनाउनुहुन्छ।**	1	2	3	4	5
4.5	**The teacher asks open-ended questions. (Critical Thinking)** **शिक्षकले खुला प्रश्न सोध्नुहुन्छ। (समालोचनात्मक चिन्तन)**	1	2	3	4	5
5. ASSESSING LEARNING **५. सिकाइको मूल्याङ्कन**						
5.1	**The teacher monitors most students during independent/group work.** **शिक्षकले अधिकांश विद्यार्थीको व्यक्तिगत वा सामूहिक कार्यको अनुगमन गर्नुहुन्छ।**	1	2	3	4	5
5.2	**The teacher adjusts teaching to the level of the students.** **शिक्षकले विद्यार्थीको स्तरअनुसारको शिक्षण गर्नुहुन्छ।**	1	2	3	4	5
5.3	**The teacher provides specific comments or guiding questions to help students clarify misunderstandings** **शिक्षकले विद्यार्थीको गलत बुझाइलाई निर्देशित प्रश्न र अन्य तरिकाबाट स्पष्ट पार्नुहुन्छ ।**	1	2	3	4	5
Here you should record evidence to justify the score that you assigned to the teacher on practice. **शिक्षकको शिक्षण क्रियाकलापमा दिइएको अङ्कलाई पुष्टि गर्ने आधार उल्लेख गर्नुहोस्।**						
1.1(a)						
1.1(b)						
1.1(c)						
2.1						
2.2						

3.1	
3.2	
3.3	
3.4	
3.5	
4.1	
4.2	
4.3	
4.4	
4.5	
5.1	
5.2	
5.3	
Key Points to be discussed with the Teacher post observation **शिक्षकको कक्षाकोठा अवलोकनपश्चात् छलफल गर्नुपर्ने मुख्य विषयहरू :**	
Action Discussed **छलफल गरिएका कार्यहरू:**	

प्रयोग सम्बन्धी निर्देशन
भ्रमणअघि
अवलोकन कार्य कसरी अगाडि बढाउने भन्ने बारेमा थाहा पाउन तालिमका क्रममा प्रदान गरिएका सामग्री हेर्नुहोस् ।
पाठअघि
पाठका अपेक्षित मुख्य विद्यार्थी सिकाइ उपलब्धिहरूका बारेमा शिक्षकलाई सोध्नुहोस् ।
तपाईंले अवलोकन गर्न लाग्नु भएको सत्रका बारेमा *मौखिक विवरण* दिन शिक्षकलाई अनुरोध गर्नुहोस् । प्रम्प्टहरू (प्रेरित गर्ने कुरा) राख्नुहोस् जस्तैः 'त्यसपछि के हुनेछ...' वा 'अब के गर्नुहुन्छ ?' । तपाईंले अवलोकन गर्न लाग्नु भएको शिक्षण र सिकाइको तारतम्यताका बारेमा बताउन लगाउनुहोस् । यदि शिक्षकसँग पाठ योजना छ भने त्यो पनि हेर्नुहोस् ।
पाठ कति लामो हुन्छ होला जस्तो लाग्छ भनी शिक्षकलाई सोध्नुहोस् । त्यसको टिपोट गरी तदअनुसार तीनवटा 'टाइम अन लर्निङ' (सिकाइको समय) स्न्यापसटको समय योजना बनाउनुहोस् ।
अवलोकन सुरू गर्नुअघि आफूलाई चाहिने सबै सामग्री रहेको सुनिश्चित गर्नुहोस् - फारमको कागजी प्रतिलिपिहरू, प्रशिक्षणका समयमा प्रदान गरिएको स्कोरिङ रूब्रिक (अङ्क प्रदान गर्ने विधि), पेन्सिल, इरेजर, कलम र समय निगरानी गर्नको लागि घडी वा फोन ।
कक्षाकोठाको पछाडिको बस्नुहोस् ताकि तपाईंले के भइरहेको छ हेर्न सक्नुहुन्छ र आफ्नो फोनलाई साइलेन्ट मोडमा (घण्टीको आवाज नआउने गरी) राख्नुहोस् ।
अवलोकनका क्रममा
पाठको अवधि फरक-फरक हुनेछ । मेन्टरले ४५ मिनेटको एउटा पूर्ण पाठ अवलोकन गर्नेछन् ।
पाठ सुरू भएपछि अवलोकन सुरू गर्नुहोस् ।
पाठमा हस्तक्षेप नगर्नुहोस्, वा शिक्षकलाई मद्दत नगर्नुहोस् वा विद्यार्थीसँग कुरा नगर्नुहोस् । शान्त अवलोकनकर्ता बन्नुहोस् ।
एउटा छुट्टै नोटबुकमा प्रमाणहरूको टिपोट गरी पछि यसको उतार (कपि) तयार गर्नुहोस् ।
अंकहरू रेकर्ड गर्न पेन्सिल प्रयोग गर्नुहोस् ताकि तपाईंले नयाँ प्रमाण पाउनुभयो भने त्यसमा परिमार्जन गर्न सक्नुहुन्छ ।
पाठपछि
तपाईंले के देख्नुभयो भन्ने बारेमा कुराकानी गर्न विद्यार्थी र अन्य शिक्षकहरूबाट टाढा शान्त ठाउँमा जानुहोस् ।
मेन्टरिङ निर्देशिकामा उल्लेख गरिएको मेन्टरिङ स्क्रिप्ट प्रयोग गर्नुहोस् ।
शिक्षकलाई शिक्षण अभ्यासमा सुधार गर्न उनले गर्ने आवश्यक कार्य संक्षेपमा तयार गर्न मद्दत गरी समापन गर्नुहोस् ।
तपाईंले फारम पूर्ण रूपमा भरेको सुनिश्चित गर्न केही मिनेट लिनुहोस् । शिक्षक र विद्यालयलाई एक/एक प्रति दिनुहोस् ।

अवलोकन उपकरण मापन स्केल

कक्षाकोठा अवलोकन उपकरणका लागि स्कोरिङ रूब्रिक (अङ्क प्रदान गर्ने विधि)			
	न्यून	**मध्यम**	**उच्च**
टाइम अन लर्निङ (सिकाइ समय)			
१.१ विद्यार्थीहरू दिइएको कार्यमा सहभागी भएका छन् ।	३०% भन्दा बढी विद्यार्थीले कार्य गरिरहेका छैनन *२० वा सोभन्दा कम विद्यार्थी भएको कक्षामा ६ वा सोभन्दा बढी विद्यार्थीले कार्य गरिरेहका छैनन्* *४० वा सोभन्दा कम विद्यार्थी भएको कक्षामा १२ वा सोभन्दा बढी विद्यार्थीले कार्य गरिरेहका छैनन् ।* *यसको अर्थ, ६० जना विद्यार्थी भएको कक्षामा १८ वा सोभन्दा बढी विद्यार्थीले कार्य गरिरहेका छैनन् ।* *यसको अर्थ, ६६ देखि ८५ जना विद्यार्थी भएको कक्षामा २४ वा सोभन्दा बढी विद्यार्थीले कार्य गरिरहेका छैनन् ।*	१०% देखी ३०% विद्यार्थीले कार्य गरिरहेका छैनन् *२० वा सोभन्दा कम विद्यार्थी भएको कक्षामा २ देखी ६ जना विद्यार्थीले कार्य गरिरेहका छैनन्* *४० वा सोभन्दा कम विद्यार्थी भएको कक्षामा ४ देखी १२ जना विद्यार्थीले कार्य गरिरेहका छैनन् ।* *यसको अर्थ, ६०जना विद्यार्थी भएको कक्षामा ६ देखी १८ जना विद्यार्थीले कार्य गरिरहेका छैनन् ।* *यसको अर्थ, ८०जना विद्यार्थी भएको कक्षामा ८ देखि २४ विद्यार्थीले कार्य गरिरहेका छैनन् ।* *यसको अर्थ, १०० वा सोभन्दा बढी विद्यार्थी भएको कक्षामा १० देखि ३० विद्यार्थीले कार्य गरिरहेका छैनन् ।*	सबै विद्यार्थीले कार्य गरिरहेका छन् वा १०% विद्यार्थीले मात्र कार्य गरिरहेका छैनन् *२० वा सोभन्दा कम विद्यार्थीको कक्षामा सबै विद्यार्थी कार्य गरिरहेका छन् अथवा १-२ जना विद्यार्थीले कार्य गरिरेहका छैनन्* *४० जना वा सोभन्दा कम विद्यार्थी भएको कक्षामा ४ जनाले कार्य गरिरहेका छैनन् ।* *यसको अर्थ, ६० जना विद्यार्थी भएको कक्षामा ६ जनाले कार्य गरिरहेका छैनन् ।* *यसको अर्थ, ८० जना विद्यार्थी भएको कक्षामा ८ जनाले कार्य गरिरहेका छैनन् ।* *यसको अर्थ, १०० वा सोभन्दा बढी विद्यार्थी भएको कक्षामा १० भन्दा कम विद्यार्थीले कार्य गरिरहेका छैनन् ।*

	यसको अर्थ, ८६ वा सोभन्दा बढी विद्यार्थी भएको कक्षामा ३० वा सोभन्दा बढी विद्यार्थीले कार्य गरिरहेका छैनन् ।		

नोट : शिक्षकद्वारा दिईएको सिकाई क्रियाकलापमा सहभागी नहुने बिद्यार्थीहरु नै कार्य नगर्ने बिद्यार्थीमा पर्दछन । कक्षामा या त ति बिद्यार्थीहरुको ध्यान अन्यत्र खिचिएको छ अथवा तिनीहरुले कक्षामा बाधा पुर्याइरहेका छन । उदाहरणका लागि, ध्यान अन्यत्र खिचिएको विद्यार्थीहरूले भ्यालबाट बाहिर हेरिरहेका, डेस्कमा टाउको राखिरहेका वा भुइँतिर वा अवलोकनकर्तालाई हेरिरहेका वा निदाइरहेका हुन सक्छन् । कक्षामा बाधा पुऱ्याउने विद्यार्थीहरूले कागजमा विभिन्न कुरा लेखेर एकअर्काबीच आदानप्रदान गर्ने, कानेखुसी गर्ने, क्रियाकलापका क्रममा अर्को विद्यार्थीसँग अनावश्यक कुरा गर्ने, कक्षामा यताउति हिंड्ने वा होहल्ला गर्ने लगायतका अनपेक्षित कार्य गरिरहेका हुन सक्छन् । यदि कुनै विद्यार्थीले ३० सेकेन्ड वा सोभन्दा बढी कक्षाकार्य गरेको छैन भने कक्षामा उक्त बिद्यार्थीको ध्यान कक्षा कार्य भन्दा अन्यत्र भएको मानिन्छ ।

	न्यून	**मध्यम**	**उच्च**
२. सकारात्मक अपेक्षाहरू			
२.१ शिक्षकले विद्यार्थीको सकारात्मक व्यवहारलाई आत्मसात (acknowledge) गर्नुहुन्छ । ***नोट:*** *शिक्षकले सकारात्मक व्यवहारलाई आत्मसात गर्दा मौखिक हुनुपर्छ। यदि शिक्षक मुस्कुराई मात्र रहनु भएको छ भने त्यसलाई आत्मसात गरेको मानिदैन।*	शिक्षकले विद्यार्थीका अनुरूपको वा अपेक्षा गरिएभन्दा राम्रो व्यवहारलाई आत्मसात (acknowledge) गर्नुहुन्न	शिक्षकले केही विद्यार्थीको व्यवहारलाई आत्मसात (acknowledge) गर्नुहुन्छ तर उनीहरूको अपेक्षित व्यवहार यस्तै हुनुपर्छ भनेर भन्नुहुन्न *उदाहरणका लागि: यदि कुनै समूहले व्यावहारिक अपेक्षाहरूलाई पछ्याउँदै छ भने, शिक्षकले किन वा कसरी भन्ने बारेमा प्रष्ट नपारी "यो समूहले राम्रोसँग कार्य गरिरहेको छ" वा "यो समूहले राम्रो कार्य गरिरहेको छैन," भन्नुहुन्छ।*	शिक्षकले विद्यार्थीका अपेक्षा अनुरूपको वा अपेक्षा गरिएभन्दा राम्रो विद्यार्थीको व्यवहारलाई आत्मसात (acknowledge) गर्नुहुन्छ *उदाहरणका लागि: शिक्षकले कक्षामा यसो भन्नुहुन्छ "मैले भर्खरै के पाएँ भने समूह 'क' का सदस्यहरूले पालैपालो बोल्दै कक्षा कार्यमा अग्रसक्रिय रूपमा सहभागी भइरहेका छन् ।"*

२.२ शिक्षकले अनपेक्षित व्यवहारलाइ पूननिर्देशित गरी अपेक्षित व्यवहारमा केन्द्रित गर्नुहुन्छ ।	अनपेक्षित व्यवहारलाई अन्यत्र मोड्दा प्रभावकारी नभएकोले अपेक्षित व्यवहारमा भन्दा अनपेक्षित व्यवहारमा ध्यान केन्द्रित गर्नुहुन्छ *उदाहरणका लागि: यदि शिक्षकले विचलित विद्यार्थीलाई देखे भने पढाउन छोडी उक्त विद्यार्थीको नाम बोलाएर सोध्नुहुन्छ , "तपाईं कक्षामा किन ध्यान दिनुहुन्न ?" वैकल्पिक रूपमा, शिक्षकले विचलित विद्यार्थीलाई बेवास्ता गर्नुहुन्छ् । त्यसपछि विचलित विद्यार्थीले छेउमा बसेको साथीलाई जिस्काउन र उसँग विवाद गर्न थाल्छ । यसले पूरै कक्षाको ध्यान पाठबाट टाढा गई ती दुई विद्यार्थीहरूमा आकृष्ट गर्छ ।*	अनपेक्षित व्यवहारलाई अन्यत्र मोड्दा प्रभावकारी भएपनि अपेक्षित व्यवहारमा भन्दा अनपेक्षित व्यवहारमा ध्यान केन्द्रित गर्नुहुन्छ। वैकल्पिक रूपमा अनपेक्षित व्यवहारलाई अन्यत्र मोड्ने कार्य केही हदसम्म प्रभावकारी हुन्छ र अपेक्षित व्यवहारमा ध्यान केन्द्रित गर्नुहुन्छ *उदाहरणका लागि: तीनजना विद्यार्थीले तोकिएको कक्षा कार्य नगरेको देखेर शिक्षकले भन्नुहुन्छ "तपाईंहरू तीनै जनाले हल्ला गर्न बन्द गर्नूस् । तपाईंहरूले धेरै हल्ला गरिरहनुभएको छ ।" उक्त भनाइ अशान्त विद्यार्थीहरूको नकारात्मक व्यवहारमा केन्द्रित छ, न कि उनीहरूबाट के अपेक्षा गरिएको छ । फलस्वरूप, अवरोध गर्ने विद्यार्थीहरू शान्त हुन्छन् । अर्को परिदृश्यमा, शिक्षकले विद्यार्थीहरूलाई "आफ्नो कार्यमा ध्यान केन्द्रित गर्नुहोस्" भनेर पुनः निर्देशित गर्नुहुन्छ। यद्यपि, शिक्षकले विद्यार्थीहरूबाट अपेक्षित सकारात्मक व्यवहारमा ध्यान केन्द्रित गराउनुभए पनि, धेरैजसो विद्यार्थीले हल्ला गर्न जारी राख्छन् ।*	समस्या पैदा भएको समयमा अनपेक्षित व्यवहारलाई अन्यत्र मोड्दा समस्याको प्रभावकारी रूपमा सम्बोधन भई अपेक्षित व्यवहारमा ध्यान केन्द्रित गर्नुहुन्छ *उदाहरणका लागि: विद्यार्थीहरू चर्को स्वरमा हल्ला गर्दै पाठमा बाधा पुऱ्याउँदैछन् भने शिक्षकले भन्नुहुन्छ, "सानो स्वरमा कुरा गर है ।" त्यसपछि विद्यार्थीहरू शान्त हुन्छन् ।* ****वैकल्पिक रूपमा, शिक्षकले विद्यार्थीहरूको व्यवहारलाई अन्यत्र मोड्नुभएको देखिँदैन, तर विद्यार्थीहरूले पाठको सत्रभरि नै राम्रो व्यवहार प्रदर्शन गरेका छन् ।***

३. उच्च अपेक्षा र समावेशी सिकाइ वातावरण सिर्जना			
	न्यून	**मध्यम**	**उच्च**
३.१ शिक्षकले सबै विद्यार्थीलाई आदरपुर्वक व्यवहार गर्नुहुन्छ। *नोट :* *i. यदि कक्षामा सकारात्मक र नकारात्मक दुबै खाले अभ्यास छन भने नकारात्मक अभ्यासलाई बढी ध्यान दिईनेछ किनभने कक्षामा शिक्षकको व्यवहार सधै आदरपुर्वक हुनुपर्छ।* *ii. शिक्षकले आदरपुर्वक व्यवहार मौखिक रुपमा देखाउनुपर्दछ।*	शिक्षकले सबै विद्यार्थीलाई आदरपुर्वक व्यवहार गर्नुहुन्न *उदाहरणका लागि: शिक्षकले केही विद्यार्थीलाई हप्काउन, उनीहरूलाई मजाकको पात्र बनाउन, वा उनीहरूलाई अनुशासनमा राख्न शारीरिक दण्ड प्रयोग गर्न सक्नुहुन्छ। (जस्तै: बिधार्थी लाई 'काले' 'मोटु' वा जातले बोलाउनु)*	शिक्षकले सबै विद्यार्थीलाई केही हदसम्म आदरपुर्वक व्यवहार गर्नुहुन्छ । *उदाहरणका लागि, शिक्षकले विद्यार्थीहरूलाई अपमानजनक व्यवहार गर्नुहुन्न (जस्तै: उहाले विद्यार्थीहरूलाई हप्काउनुहुँदैन वा मजाकको पात्र बनाउनुहुँदैन, तर विद्यार्थीहरूप्रति सम्मानको स्पष्ट संकेतहरू पनि देखाउनुहुँदैन (जस्तै: विद्यार्थीहरूलाई उनीहरूको नामले बोलाउने, "कृपया" वा "धन्यवाद") भन्ने।*	शिक्षकले सबै विद्यार्थीलाई आदरपुर्वक व्यवहार गर्नुहुन्छ *उदाहरणका लागि: शिक्षकले विद्यार्थीहरूलाई नामले बोलाई "कृपया" र "धन्यवाद" भन्नुहुन्छ।*
	न्यून	**मध्यम**	**उच्च**
३.२ शिक्षकले विद्यार्थीहरूका आवश्यकतालाई सम्बोधन गर्नुहुन्छ। *उदाहरण:* ***शारीरिक आवश्यकताहरु:** शौचालय जाने, पानी पिउने, बोर्ड देख्न नसक्नु आदि* ***भावनात्मक आवश्यकताहरु:** शैक्षिक मूल्यांकनमा कम अंक पाएकोले*	विद्यार्थीहरूको आवश्यकताबारे शिक्षक सचेत हुनुहुन्न वा उनीहरूका समस्यालाई सम्बोधन गर्नुहुन्न *उदाहरणका लागि: कुनै विद्यार्थीसँग पाठका लागि आवश्यक सामग्रीहरू नहुन सक्छ, तर शिक्षकले यसलाई ध्यान दिनुहुन्न वा देख्नुहुन्न र यसलाई बेवास्ता गर्नुहुन्छ। अर्को उदाहरणका रूपमा, कुनै विद्यार्थी नराम्रो नतिजा वा व्यक्तिगत समस्याका कारण निराश हुन सक्छन् र शिक्षकले विद्यार्थी वा उनको समस्यालाई बेवास्ता गर्नुहुन्छ*	शिक्षकले विद्यार्थीहरूका आवश्यकतालाई ध्यान दिनुहुन्छ् तर रहेको समस्यालाई सम्बोधन गर्न सक्नुहुन्न *उदाहरणका लागि: कुनै विद्यार्थीसँग पेन्सिल नभएकोले उनी चिन्तित हुन सक्छन् र शिक्षकले अर्को विद्यार्थीलाई पेन्सिल दिन आग्रह गर्नुहुन्छ तर उनले पेन्सिल लिन अस्वीकार गर्छन्। शिक्षकले समस्या समाधान नगरी पाठलाई निरन्तरता दिनुहुन्छ।*	शिक्षकले विद्यार्थीहरूले सामना गरिरहेको समस्या समाधान हुने गरी उनीहरूका आवश्यकतालाई तत्काल ध्यान दिनुहुन्छ *उदाहरणका लागि: यदि विद्यार्थीसँग पेन्सिल छैन भने शिक्षकले विद्यार्थीलाई आफूसँग रहेको अतिरिक्त पेन्सिल दिनुहुन्छ।* *यसैगरी, कक्षाकोठामा कुनै विद्यार्थी कुनै कारणले रिसाएमा शिक्षक विद्यार्थीकहाँ गएर उनी किन रिसाएको भनेर सोध्नुहुन्छ। त्यसपछि शिक्षकले*

बिद्यार्थी दुखी छ, वा अन्य विद्यार्थीहरुले उपहास गरिरहेका छन् ***सामाग्रीको आवश्यकताहरुः*** *बिद्यार्थी सँग किताब वा कापी वा पेन्सिल आदी छैन*	*(जस्तैः शिक्षकले विद्यार्थीलाई "कक्षा कार्य नगर्नूस" वा "भावनामा नबग्नूस्" भन्नुहुन्छ) ।*	****यदि विद्यार्थीहरूका कुनै पनि आवश्यकता नदेखिएमा मध्यमका रूपमा अङ्क दिइन्छ ।***	*विद्यार्थीसँग कुरा गर्नुहुन्छ र समस्या समाधानका लागि आवश्यक सल्लाह दिनुहुन्छ।*

	न्यून	मध्यम	उच्च
३.३ शिक्षकले विद्यार्थीका प्रतिभा, नतिजा र क्षमताको मात्र नभई विद्यार्थीका प्रयासको पहिचान गरी प्रशंसा / आत्मसात (acknowledge) गर्नुहुन्छ। *नोटहरु:* *१. बिद्यार्थीको उत्तर जस्तोसुकै भएपनि शिक्षकले प्रशंसा गर्नुपर्छ* *२. शिक्षकको लिखित प्रशंसा पनि मान्य हुन्छ । उदहरणको लागि, विद्यार्थीको नतिजा राम्रो नभए पनि शिक्षकले उसको प्रयासको लागी तारा दिनुहुन्छ* *३. शिक्षकले कक्षामा एकजना बिद्यार्थीको मात्र प्रशंसा गरे पनि त्यसलाई गणना गरिन्छ*	शिक्षकले विद्यार्थीको प्रयासलाई आत्मसात गर्नुहुन्छ । शिक्षकले विद्यार्थीहरूलाई "स्मार्ट" वा "जेहेन्दार" भएकोमा प्रशंसा गरेपनि विद्यार्थीहरूको प्रयास वा कार्यलाई ध्यान दिनुहुन्न *उदाहरणका लागि: शिक्षकले "धेरै राम्रो ! तपाईं कक्षामा सबैभन्दा स्मार्ट हुनुहुन्छ" वा "राम्रो गर्नुभयो ! तपाईं धेरै स्मार्ट हुनुहुन्छ !" भन्नुहुन्छ।*	कक्षाकोठामा शिक्षकले विद्यार्थीको प्रयासलाई कहिलेकाहीं आत्मसात *गर्नुहुन्छ,* तर *उहाको* अधिकांश प्रशंसा विद्यार्थी वा उनीहरूको जेहेन्दारितामा केन्द्रित हुन्छ *उदाहरणका लागि: कुनै विद्यार्थीले परीक्षामा राम्रो गरेको समयमा शिक्षकले भन्नुहुन्छ, "मलाई थाहा छ तपाईंले यसको लागि धेरै मेहनत गर्नुभएको छ !" तर प्रायजसो, शिक्षकले विद्यार्थीहरूलाई "स्मार्ट" वा "जेहेन्दार" भनी प्रशंसा गर्नुहुन्छ।*	कक्षाकोठामा शिक्षकले बारम्बार विद्यार्थीहरूको नयाँ सीप वा अवधारणाहरूमा निपूर्णता हासिल गर्ने प्रयासलाई आत्मसात गर्दै यी प्रयासको सराहना गर्नुहुन्छ *उदाहरणका लागि: विद्यार्थीहरूले आफूले सामना गरिरहेको कठिन समस्या हल गरेको बेला शिक्षकले उनीहरूले ती समस्या समाधान गर्न गरेका प्रयासहरूको प्रशंसा गर्नुका साथै त्यसलाई महत्व दिनुहुन्छ। शिक्षकले भन्छन्, "तपाईंले गणित विषयको गुणन सम्बन्धी समस्या हल गर्न धेरै प्रगति गर्नुभएको छ ! यसका लागि तपाईंले मेरो मद्दत मागेकामा म खुसी छु । तपाईंले कक्षामा सिकेका रणनीतिहरूलाई अभ्यास र प्रयोग गरिरहनुभयो भने तपाईंले ती सबैमा चाँडै नै निपूर्णता हासिल गर्नुहुनेछ !"*

तलको खण्डमा शिक्षकले बिद्यार्थीहरुको प्रयासलाई कसरी प्रशंसा वा आत्मसात गर्न सक्नुहुन्छ भन्ने केहि उदाहरणहरु दिईएको छ

बिद्यार्थीको आत्मविश्वास निर्माण गर्न र उनिहरुको संलग्नतालाई प्रोत्साहित गर्न, बिद्यार्थीहरुको प्रयासलाई शिक्षकले प्रशंसा वा आत्मसात गर्न महत्वपूर्ण छ । प्राथमिक तहको कक्षाकोठामा शिक्षकले बिद्यार्थीको प्रयासलाई कसरी प्रशंसा वा आत्मसात गर्न सक्नुहुन्छ भन्ने केहि उदाहरणहरु यहाँ छन्:

१ . मौखिक प्रशंसा (Verbal Praise)

"मैले देखिरहेको छु कि तपाईले यसमा धेरै मेहनत गर्नु भएको छ । धेरै राम्रो!"

" कठिन हुँदा पनि तपाईले गर्नु भएको कोसिस मलाई मन पऱ्यो ।"

२ . **सकारात्मक सुदृढीकरण** (Positive Reinforcement)
" तपाईले आज एकदमै राम्रो सँग ध्यान केन्द्रित गर्नुभयो। यसलाई जारी राखुहोस।"
" वाह्, तपाईले त्यहाँ निकै रचनात्मक तरिकाले सोच्नु भयो । राम्रो प्रयास्!"

३ . **स्टिकर वा स्ट्याम्प्** ⭐ (Sticker or Stamp)
"एकदमै राम्रो प्रयास्!" वा "राम्रो काम जारी राख्नुहोस्" जस्तो टिप्पणीको साथ बिद्यार्थीको काममा स्टिकर वा स्ट्याम्प् लगाई दिनु । "

४ . **हाई-फाइभ्स** 🙏 (High-fives) **वा फिस्ट बम्पहरू** 🤜🤛 (Fist bumps)
हाई-फाइभ्स वा फिस्ट बम्पहरू गर्दै "तपाईले त्यो कार्य एकदम राम्रो गर्नुभयो!" भन्ने

५ . **बिद्यार्थीको कामको प्रदर्शन** (Display Student Work)
" (बिद्यार्थीको नाम) को मेहेनत हेर्नुहोस्!" जस्तो नोटको साथ बुलेटिन बोर्डमा बिद्यार्थीको काम प्रदर्शनमा राख्नुहोस

६ . **क्लासरुम साउट-आउट्** (Classroom shout-out)
" हामी सबै (बिद्यार्थीको नाम्) लाई यस काममा उहाको कडा परिश्रमको लागि ताली बजाऔ।"

७ . **विशेषाधिकारहरू दिने**
"तपाईको राम्रो प्रयासको कारण आज तपाई लाईन नेता हुन पाउनुभयो!"

८ . **लिखित नोट्** (Written Notes)
"यहाँ तपाईंको कडा परिश्रम देखिन्छ!" जस्तै नोट बिद्यार्थीको कागज वा कापिमा लेख्ने

९ . **प्रयासको लागी प्रमाणपत्र** (Certificate for Effort)
बिशेष पक्षहरुको लागि प्रमाणपत्र दिने "सबै भन्दा सुधारिएको" वा "सबै भन्दा राम्रो प्रयास"

१० . **बिद्यार्थीको घरमा कुरा गर्नुहोस्**
बिद्यार्थीको कडा परिश्रम र प्रगतिको बारेमा अभिभावकहरुलाई जानकारी दिन कल गर्ने वा नोट पठाउने

११ . **कक्षाकोठा जिम्मेवारी** (Classroom Jobs)
“क्लास लाईब्रेरियन "वा "बोर्ड ईरेजर (बोर्ड सफा गर्ने जिम्मा) जस्ता बिशेष जिम्मेवारी बिद्यार्थीको निरन्तर प्रयासको लागि पुरस्कारको रुपमा दिने

१२ . **सामुहिक कार्यको समयमा सकारात्मक प्रतिक्रिया**
" तपाईले आफ्नो समुह सँग राम्रो सँग काम गर्नु भएको याद गरे । तपाईले राम्रो भूमिका निभाउनु भयो र सबै लाई सफल बनाउन मद्दत गर्नुभयो।"

१३ . **स्टार अफ द विक** (Star of the week)
बिधार्थीलाई उनको निरन्तर प्रयास र सकारत्मक मनोबृति **(attitude)** को लागि " स्टार अफ द विक्" बनाउने

१४ . **व्यक्तिगत प्रशंसा** (Personalized Praise)
“तपाईले त्यो चित्र बनाउन कति समय बिताउनुभयो भन्ने मैले देखे! तपाईले यति धेरै मिहिनेत गरेको देख्न पाउँदा राम्रो लाग्यो!"

१५ . **सहपाठी सराहना** (Peer Recognition)
सहपाठीहरूलाई एक-अर्काको प्रयासहरू पहिचान गर्न प्रोत्साहन दिँदै: "आज तपाईहरु कसैले (बिधार्थीको नाम) ले के राम्रो गर्नुभयो भन्न सक्नुहुन्छ ?"

१६ **उपलब्धि चार्ट** (Achievement Chart)
बिधार्थीहरुको प्रगती अनुगमन गर्न र प्रयासहरू मनाउनको लागि चार्ट प्रयोग गर्ने, जस्तै "रिडिङ स्टार” (Reading Start) चार्ट जहाँ विद्यार्थीहरूले आफूले पढेका पुस्तकहरूको सङ्ख्याको आधारमा ताराहरू कमाउँछन्।

१७ **Morning Meeting Acknowledgement**
कक्षामा बिहानको बैठकहरूमा विद्यार्थीहरूको प्रयासलाई प्रशंसा गर्ने: "हिजो गणितमा उत्कृष्ट प्रयास गरेकोमा म (विद्यार्थीको नाम) लाई विशेष **Shout-out** दिन चाहन्छु।"

१८ **"Caught You Being Good" Notes**
साना नोटहरू दिने जसमा बिधार्थीको प्रयासको बिशेष उल्लेख गर्ने जस्तै: " तपाईं राम्रो हुनुभएको वा राम्रो काम गर्नु भएको भेटिएको छ!"

१९ **सेलिब्रेशन जार** (Celebration Jar)
प्रत्येक पटक विद्यार्थीले राम्रो प्रयास देखाउँदा "सेलिब्रेसन जार" मा मार्बल थप्ने, र जार भरिएपछि क्लास इनाम प्राप्त हुन्छ।

२० **अतिरिक्त विश्राम वा रमाइलो गतिविधि** (Extra Recess or Fun Activity)
सबैले चुनौतीपूर्ण कार्यमा राम्रो प्रयास गर्दा वा देखाउदा अतिरिक्त विश्राम वा रमाइलो गतिविधिको साथ सम्पूर्ण कक्षालाई पुरस्कृत गर्ने।

बिधार्थी र कक्षाकोठामा सकारात्मक र उत्प्रेरक वातावरण सिर्जना गर्नका लागी, यस्ता प्रशंसा **(aknowledgements)** हरु, प्रत्येक विद्यार्थीहरू र कक्षाकोठाको वातावरण अनुकूल बनाउन सकिन्छ।

३.४ शिक्षकले थप सिकाइ सामाग्रीहरुको प्रभावकारी प्रयोग गर्नुहुन्छ। *नोट: थप सिकाइ सामाग्री भनेको शिक्षकहरूले आफ्नो पाठ योजनाको भागको रूपमा ल्याउने सामग्री हो ।*	**न्यून** शिक्षकले अतिरिक्त **सिकाइ सामग्रीहरू प्रयोग गर्नुहुन्न** । वा एउटा सिकाइ सामग्री प्रयोग गर्न सक्नुहुन्छ तर यसले पाठको उद्देश्य हासिल गर्न मद्दत गर्दैन *उदाहरणका लागि, शिक्षकले विद्यार्थीहरूलाई कार्यपुस्तिका (वर्कबुक) को पृष्ठ १० मा सौर्यमण्डलका बारेमा कार्य*	**मध्यम** शिक्षकले पाठको उद्देश्य हासिल गर्न मद्दत गर्ने **एउटा सिकाइ सामग्री** प्रयोग गर्नुहुन्छ । वा एकभन्दा बढी सिकाइ सामग्रीहरू प्रयोग गर्नुहुन्छ तर यसले पाठको उद्देश्यमा कुनै योगदान गर्दैन *उदाहरणका लागि, शिक्षकले पाठको विषयवस्तुसँग सम्बन्धित भिडियो वा*	**उच्च** शिक्षकले स्पष्ट रूपमा पाठको उद्देश्य हासिल गर्न मद्दत गर्ने **दुई वा तीनवटा फरक-फरक सिकाइ सामग्रीहरू** प्रयोग गर्नुहुन्छ् । केही सामग्री विद्यार्थीहरूलाई देखाउनुका साथै उनीहरूलाई त्यसलाई छोएर हेर्न समेत दिनुहुन्छ *सामग्रीहरूको उदाहरणमा पाठ्य सामग्री, भिडियो, चित्र, बल, प्लेडोफ (विभिन्न रंगका माटोले बनेका*

	गर्न वा सेतोपाटीबाट परिभाषाहरू सार्न लगाउनुहुन्छ।	*चित्र देखाउनुहुन्छ वा उक्त पाठलाई पूरक हुने पुस्तक पढ्नुहुन्छ।* ***वैकल्पिक रूपमा,*** *सौर्यमण्डल सम्बन्धी पाठमा शिक्षकले पुस्तकबाट परिभाषा पढ्नुहुन्छ र सौर्यमण्डलको मोडेल (नमुना) देखाउँदै भन्नुहुन्छ,"यहाँ सौर्यमण्डल छ ।" शिक्षकले विद्यार्थीहरूलाई मोडेलका बारेमा बुझाउन मद्दत पुग्ने गरी व्याख्या गर्नुहुँदैन । शिक्षकले विद्यार्थीहरूलाई ग्रहहरूको नाम याद गर्न लगाउन सक्नुहुन्छ् ।*	*सामग्रीको नमुना), स्टिकर, रूलर (स्केल) आदि पर्दछन् ।* *उदाहरणका लागि: शिक्षकले सौर्यमण्डल सम्बन्धी एउटा पुस्तक पढ्नुहुन्छ, र त्यसपछि विद्यार्थीहरूलाई ग्रहहरूको चित्र भएका कार्ड दिई त्यसलाई चिनेर क्रमबद्ध गर्न लगाउनुहुन्छ । त्यसपछि विद्यार्थीहरूलाई नोटबुकमा लेख्न र ग्रहहरूलाई क्रमबद्ध गरिनुको औचित्य प्रष्ट पार्न लगाउनुहुन्छ। (सामग्रीहरू: पुस्तक, सकेसम्म अन्तरक्रियात्मक कार्ड, अन्तक्रियात्मक नोटबुक प्रभावकारी हुने) ।*
३.५ शिक्षकले सबै विद्यार्थीलाई सिक्नका लागि कक्षाकोठामा भौतिक व्यवस्थापन गर्नुहुन्छ ।	**न्यून** विद्यार्थीहरूको **अन्तरक्रिया र/वा समूह कार्यलाई सहज बनाउने** गरी भौतिक व्यवस्था (सेटिङ) गरिएको छैन • सम्पूर्ण समूहमा व्यक्ति वा समूह एउटै दिशातर्फ अगाडि फर्केर बसेका छन् ।	**मध्यम** विद्यार्थीहरूको **अन्तरक्रिया र/वा समूह कार्यलाई केही हदसम्म सहज बनाउने** गरी भौतिक व्यवस्था (सेटिङ) गरिएको छ *उदाहरणका लागि, शिक्षकले विद्यार्थीलाई एकअर्कासँग अन्तरक्रिया गर्न सकिने गरी उनीहरूको कुर्सी सार्न दिनुहुन्छ तर कक्षाकोठाको मूल प्रबन्ध विद्यार्थीलाई समूह कार्य गर्न मद्दत पुग्ने खालको छैन ।* *वा कक्षाकोठाको मूल प्रबन्धले अन्तरक्रियाका लागि केही सहयोग गरेको छ । उदाहरणका लागि:*	**उच्च** विद्यार्थीहरूको **अन्तरक्रिया र/वा समूह कार्यलाई सहज बनाउने** गरी भौतिक व्यवस्था (सेटिङ) गरिएको छ । यसका उदाहरणहरू तल दिइएका छन्: • *सम्पूर्ण समूहले व्यक्तिगत रूपमा कक्षाकोठाको ठिक मध्य भागमा देख्ने गरी बसेका छन्* • *सम्पूर्ण समूहले व्यक्तिगत रूपमा कक्षाकोठाको ठिक मध्य भागमा देख्ने गरी अर्धगोलाकार भएर बसेका छन्* • *गोलाकार वा स-साना गोलाकारमा मिलेर भूइँमा बसेका छन्*

		• *दुई/दुईजनाको समूह एउटै दिशातर्फ अगाडि फर्केर बसेका छन् (एउटा टेबलमा दुईजना)* • *साना समूहहरू अगाडि फर्केर बसेका छन्, तर सबैले कक्षाकोठाको अगाडि देख्न नसक्ने हुन सक्छन्* • *भूइँमा अगाडि फर्केर बसेका छन्*	

४. प्रभावकारी र सहभागितामुलक सिकाइ रणनीतिहरु			
	न्यून	**मध्यम**	**उच्च**
४.१ शिक्षकले मुख्य सिकाइ उपलब्धिहरूलाई स्पष्ट रूपमा व्याख्या गर्नुहुन्छ र कक्षाकोठाका क्रियाकलापहरुलाई उपलब्धीहरूसँग सम्बन्धित गरी प्रष्ट पार्नुहुन्छ।	शिक्षकले पाठका उद्देश्य(हरू)/विषयवस्तु बताउनुहुन्न वा लेख्नुहुन्न, न त तपाईंले नै पाठका क्रियाकलापहरूको उद्देश्य/विषयवस्तु थाहा पाउन सक्नुहुन्छ *उदाहरणका लागि: शिक्षकले विद्यार्थीहरूलाई बाली रोप्ने र फसल काट्नेबारे पालैपालो पढेर सुनाउन लगाउनुहुन्छ। वहाँले त्यसपछि बाँकी पाठ खेती र यस सम्बन्धी विशेष प्रक्रियाहरूमाथि छलफल गर्न बिताउनुहुन्छ। शिक्षकले पाठ उद्देश्य के हो भनेर बताउनुहुन्न र क्रियाकलापहरूबाट पाठको उद्देश्य के हो भनेर बुझ्न गाह्रो हुन्छ (यस उदाहरणमा, उद्देश्य पुस्तक बाचन गर्ने प्रवाहको विकास, शब्दावलीको विकास, वा कृषिको बारेमा सिकाइ प्राप्त गर्ने हुन सक्छ)।*	शिक्षकले या त स्पष्ट रूपमा बताउनुहुन्छ् र/वा **वृहत् पाठ उद्देश्य/विषय लेख्नुहुन्छ्** वा उद्देश्य/विषय **स्पष्ट रूपमा बताउनुहुन्न्** र/वा **लेख्नुहुन्न्** तर पाठका क्रियाकलापहरू हेरेर तपाईंले पाठको उद्देश्य/विषय के हो भन्न सक्नुहुन्छ *उदाहरणका लागि: शिक्षकले भन्नुहुन्छ्, "आज हामी गुणन गर्ने तरिका सिक्दैछौं," तर यो पाठ गुणन गर्ने बारे हो भनेर स्पष्ट किटान गरेर भन्नुहुन्न। अर्को उदाहरण यो हुन सक्छ कि पाठका क्रियाकपालहरू पूर्ण संख्याहरू कसरी भाग गर्ने भन्ने कुरामा स्पष्ट रूपमा केन्द्रित हुन सक्छ, तर शिक्षकले यसलाई किटानी साथ भन्नुहुन्न (वहाँ भन्नुहुन्छ् "हामी गुणन गर्ने तरिका सिक्नेछौं")।*	शिक्षकले **विशिष्ट पाठ उद्देश्य/विषयवस्तु स्पष्ट रूपमा बताउनुहुन्छ्, र/वा लेख्नुहुन्छ्** (जस्तै, सिकाइ लक्ष्य) र कक्षाको अवधिभर पाठका उद्देश्यहरू दोहोऱ्याइरहनुहुन्छ् *उदाहरणका लागि: कक्षाको शुरूवातमा शिक्षकले भन्नुहुन्छ, "आज हामी अंशहरू (फ्र्याक्सन) लाई गुणन गर्न सिक्दैछौं।" पाठमा गरिएको प्रत्येक क्रियाकलाप स्पष्ट रूपमा अंशहरूलाई गुणन गर्ने उद्देश्यसँग सम्बन्धित छ।*

४.२ शिक्षकले विद्यार्थीकेन्द्रित क्रियाकलापमार्फत शिक्षण गर्नुहुन्छ । **यसका स्वरूपहरूमा* *१.पाठ पढ्ने वा व्याख्या गर्ने* *२.बोर्डमा लेख्ने* *३.थप सिकाइ सामाग्रीहरु* *४.प्रत्यक्ष प्रदर्शन* *५.भिडियोहरू आदि रहेका छन्।* *नोट: यदि शिक्षकले धेरैजसो विद्यार्थीहरूलाई समेट्न माथि उल्लिखित गतिविधिहरूको पर्याप्त प्रयोग गर्नुहुन्छ भने यो विद्यार्थी-केन्द्रित हुन्छ ।*	**न्यून** शिक्षकले विद्यार्थीहरूलाई केन्द्रमा राखेर पढाउनुहुन्न् । शिक्षकले प्रतिनिधित्वको **एक मात्र स्वरूप** प्रयोग गरेर विषयवस्तुको व्याख्या गर्नुहुन्छ वा विषयवस्तुको व्याख्या नै गर्नुहुन्न *उदाहरणका लागि: शिक्षकले पाठको खण्डमा भिन्नको कुनै पनि लिखित वा अन्य दृश्यात्मक प्रतिनिधित्व नदेखाइकन भन्नुहुन्छ,"भागहरूको संख्या (न्युमेरेटर) र भाजक (डिनोमिनेटर)को संयोजन नै भिन्न हो ।" वैकल्पिक रूपमा, शिक्षकले विषयवस्तुको कुनै व्याख्या नगर्न सक्नुहुन्छ, आफ्नो भनाइको मतलब के हो भन्ने बारेमा केही नबताई धेरै प्राविधिक शब्दावलीहरू प्रयोग गर्न सक्नुहुन्छ, र/वा तर्कसंगत वा तादत्म्यबिना आफना विचार राख्न सक्नुहुन्छ। साथै, शिक्षकले ती शब्दावलीहरूलाई परिभाषित नगरिकन भन्न सक्नुहुन्छ, "भागहरूको संख्या (न्युमेरेटर) र भाजक (डिनोमिनेटर)को संयोजन नै भिन्न हो ।" वैकल्पिक रूपमा, शिक्षकले विषयवस्तुबारे केही पनि नबताउन सक्नुहुन्छ।*	**मध्यम** शिक्षकले प्रतिनिधित्वको **दुईवटा स्वरूप** प्रयोग गरेर विषयवस्तुको व्याख्या गर्दै केही हदसम्म विद्यार्थीहरूलाई केन्द्रमा राखेर पढाउनुहुन्छ् *उदाहरणका लागि: शिक्षकले "भागहरूको संख्या (न्युमेरेटर) र भाजक (डिनोमिनेटर)को संयोजन नै भिन्न हो ।" भन्ने बताई सेतोपाटीमा भिन्नको एउटा उदाहरण लेख्नुहुन्छ। भाषाकला सम्बन्धी पाठमा शिक्षकले क्रियापद भनेको कुनै क्रिया जनाउने शब्द हो भनी बताउनुहुन्छ् र क्रियापद रहेको एउटा वाक्य लेख्नुहुन्छ। अनि त्यसलाई सेतोपाटीमा अन्डरलाइन दिनुहुन्छ।*	**उच्च** शिक्षकले विद्यार्थीलाई केन्द्रमा राखेर धेरै प्रकारका सिकाइ, विद्यार्थीहरूको सीप र बुझाइका विभिन्न स्तरप्रति सचेत भएर पढाउनुहुन्छ् । शिक्षकहरूले प्रतिनिधित्वको **तीन वा सोभन्दा बढी** स्वरूप, वा क्रियाकलापका प्रकारहरू प्रयोग गरेर विषयवस्तुको व्याख्या गरी यसलाई प्रस्तुत गर्नुहुन्छ *उदाहरणका लागि: शिक्षकले "भागहरूको संख्या (न्युमेरेटर) र भाजक (डिनोमिनेटर)को संयोजन नै भिन्न हो ।" भन्ने बताई सेतोपाटीमा १/४ को उदाहरण लेख्नुहुन्छ । पाठपछि शिक्षकले कागजको टुक्रालाई चौथाईमा फोल्ड गरेर र एक वर्गमा रंग भरेर विषयवस्तुको व्याख्याको एक भागका रूपमा दृश्य सामग्रीको प्रयोग गर्नुहुन्छ। भाषाकला सम्बन्धी पाठमा शिक्षकले क्रियापद भनेको कुनै क्रिया जनाउने शब्द हो भनी बताउनुहुन्छ र क्रियापद रहेको एउटा वाक्य लेख्नुहुन्छ् । अनि त्यसलाई सेतोपाटीमा अन्डरलाइन दिनुहुन्छ। त्यसपछि शिक्षकले क्रियाहरूको नक्कल गरी विद्यार्थीहरूलाई क्रियाका यी उदाहरणहरूको पहिचान गर्न लगाउनुहुन्छ् ।*

	न्यून	मध्यम	उच्च
४.३ शिक्षकले पढाउने पाठलाई अन्य बिषयवस्तुको ज्ञान वा बिद्यार्थीहरुको दैनिक जिवनसँग जोड्ने प्रयास गर्नुहुन्छ । *नोट: अन्य बिषयवस्तुको ज्ञान भन्नाले अघिल्लो पाठको समयमा वा अन्य कुनै पनि विषयको पाठमा एउटै विषयमा सिकाइएको सामग्री हुन सक्छ ।*	शिक्षकले पढाउँदा पाठमा ज्ञान वा विद्यार्थीका दैनिक जीवनसँग सम्बन्धित विषयवस्तु जोड्नुहुन्न। शिक्षकले उदाहरणहरू दिन सक्नुहुन्छ् जुन अन्य विषयवस्तु वा विद्यार्थीहरूको जीवनसँग सम्बन्धित हुन सक्छ, तर शिक्षकले यसलाई सिकाइ क्रियाकलापमा जोड्ने प्रयास गर्नुहुन्न *उदाहरणका लागि: भिन्नहरु सम्बन्धी पाठका क्रममा शिक्षकले एउटा केकको चित्र देखाई यसलाई चार भागमा विभाजन गर्नुहुन्छ तर केक काट्ने विद्यार्थीहरूको अनुभवसँग जोड्नुहुन्न। वैकल्पिक रूपमा, शिक्षक भन्नुहुन्छ, "याद गर्नूस् त, हिजो हामीले पूर्ण संख्याहरू बारे सिक्यौं ? आज, हामी कसरी भिन्नहरुलाई जोड्ने भनेर सिक्दैछौं ।"*	शिक्षकले पाठलाई अन्य विषयवस्तुको ज्ञान वा विद्यार्थीहरूको दैनिक जीवनसँग जोड्ने प्रयास गर्न सक्नुहुन्छ, तर **जोडाइ सतही, द्विविधात्मक, वा अस्पष्ट छन्** *उदाहरणका लागि: भिन्नहरु सम्बन्धी पाठको परिचय दिँदै शिक्षक भन्नुहुन्छ, "हामीले केक काट्दा भिन्नहरु प्रयोग गर्छौं ।" त्यसपछि शिक्षकले अंशहरूको व्याख्या गर्नुहुन्छ। विद्यार्थीको जीवनसँग पाठको जोडाइ सतही र अस्पष्ट छ । वैकल्पिक रूपमा, शिक्षक भन्नुहुन्छ, "हिजो हामीले पूर्ण संख्याहरू जोड्ने नियमहरू सिकेका थियौं ? अब हामी ती नियमहरू प्रयोग गरी त्यसलाई भिन्नहरु जोड्न लागू गर्नेछौं ।" तथापि, भिन्नहरु कसरी जोड्ने भनेर व्याख्या गर्दा शिक्षकले पूर्ण संख्याहरूका लागि नियमहरूसँग तादत्म्य मिलाउनुहुन्न ।*	शिक्षकले अर्थपूर्ण रूपमा पाठलाई अन्य विषयवस्तुको ज्ञान वा विद्यार्थीहरूको **दैनिक जीवनसँग जोड्नुहुन्छ** *उदाहरणका लागि: कक्षामा अंशहरू सम्बन्धी विषय पढाउँदा शिक्षकले विषयवस्तुलाई विद्यार्थीहरूको अनुभवसँग जोड्दै सोध्नुहुन्छ, "कसले केक काट्नुपरेको थियो ? सबैलाई यसले भाग पुग्छ भनेर तपाईंले कसरी सुनिश्चित गर्नुभयो ? भिन्नहरुको बारेमा सिक्दा हामीलाई मानिसहरूबीच केक भाग लगाउन मद्दत पुग्न सक्छ ।" शिक्षकले यसो भन्दै पाठलाई अघिल्लो पाठसँग जोड्नुहुन्छ, "तपाईंहरूलाई थाहा छ हिजो हामीले आधाहरूको बारेमा सिक्यौं ? हामीले केक आधा काट्दा दुईजनाले समान रूपमा बाँड्न सक्छन् भन्ने कुरा सिकेका छौं । आज हामी केकलाई चार भागमा कसरी विभाजन गर्ने भनेर सिक्नेछौं, ताकि चारजनाले यसलाई बाँड्न सकून् । हामीले आधाहरू बनाउँदै गर्दा हामीले हामीसँग समान आकारका दुई भागहरू छन् भन्ने सुनिश्चित गर्यौं । हामीले चार भाग बनाउँदा पनि त्यसलाई सुनिश्चित गर्नुपर्छ । हामीले केकका टुक्राहरूलाई एउटै आकारमा काट्नुपर्छ । अहिलेको पाठ र अन्य विषयवस्तुको ज्ञान र/वा विद्यार्थीहरूको दैनिक जीवनबीचको सम्बन्ध स्पष्ट हुन्छ ।"*

४.४ शिक्षकले विद्यार्थीको बुझाईको स्तर सुनिश्चित गर्न प्रश्नोतर वा अन्य रणनीतिहरु अपनाउनुहुन्छ। *नोट: शिक्षकले बुझाईको स्तर सुनिश्चित गर्नुको अर्थ , शिक्षकले बिधार्थीको बुझाईको स्तर सुनिश्चित गर्न पाठको समयमा प्रश्नहरू वा अन्य रणनीतिहरू प्रयोग गर्नुहुन्छ*	**न्यून** शिक्षकले विद्यार्थीलाई कुनै **प्रश्न सोध्नुहुन्** वा शिक्षकले पढाएपछि साधारण प्रश्नहरू सोध्नुहुन्छ र कक्षाका सबै **विद्यार्थीहरूले एकै समयमा जवाफ दिन्छन्**, र शिक्षकले सबै वा केही विद्यार्थीहरूले बुझिरहेका छन् कि छैनन् भनेर जाँच गर्नुहुन्न *उदाहरणका लागि, एक अवधारणाको व्याख्यापछि शिक्षक सोध्नुहुन्छ, "तपाईंहरू सबैले बुझ्नुभयो त ?" कक्षाका विद्यार्थीहरू एकै स्वरमा जवाफ दिन्छन्, "हामी सबैले बुझ्यौं।"*	**मध्यम** शिक्षकले **केही विद्यार्थीको बुझाइको स्तर निर्धारण** गर्न प्रभावकारी हुने प्रश्नहरू सोध्नुहुन्छ वा कार्यहरू गर्न दिनुहुन्छ *उदाहरणका लागि: गणितको कक्षामा, शिक्षकले सोध्नुहुन्छ, "७+८ कति हुन्छ ?", केही विद्यार्थीले मात्र हात उठाउँछन्, र बाँकी कक्षाले बुझे कि बुझेनन् त्यो नहेरी शिक्षकले एक/दुईजना विद्यार्थीहलाई सोध्नुहुन्छ।* *वा, शिक्षकले प्रश्न सोध्नुहुन्छ तर विद्यार्थीहरूलाई आफ्नो हात उठाउन भन्नुहुन्न । यसको साटो शिक्षकले विद्यार्थीलाई एकसाथ ठूलो स्वरमा चिच्याएर जवाफ दिन लगाउनुहुन्छ।* .	**उच्च** शिक्षकले **धेरै विद्यार्थीहरूको बुझाइको स्तर जाँच** गर्न प्रभावकारी हुने प्रश्नहरू सोध्नुहुन्छ् वा विद्यार्थीलाई कार्यहरू गर्न दिनुहुन्छ *उदाहरणका लागि: शिक्षकले भन्नुहुन्छ, "भाइ बहिनीहरू ! यो भनाइ सही छ भने हातको बुढी औंला माथि (Thumps up) र गलत छ भने तल (Thumps down) गर्नूस् है त :- समभुज त्रिकोणमा बराबर कोणहरू हुन्छन् ।"* *शिक्षकले सबै विद्यार्थीलाई उनीहरूको जवाफ आउने गरी अन्य तरिका पनि अवलम्बन गर्न सक्नुहुन्छ,जस्तै:* - *विद्यार्थीहरूलाई नोटबुकमा उत्तर लेख्न लगाई त्यसको जाँच गर्ने,* - *विद्यार्थीहरूलाई क्रियापद प्रयोग गरेर आफैंले वाक्य लेख्न र त्यसपछि प्रत्येक विद्यार्थीलाई उनले लेखेको वाक्य पढ्न लगाउने ।*
बुझाईको स्तर सुनिश्चित गर्ने केहि रणनीतिहरूको उदाहरणहरु यहाँ दिईएको छ। **प्राथमिक तहको बुझाईको स्तर सुनिश्चित गर्न केहि प्रभावकारी रणनीतिहरू यस प्रकार छन्:**			

१ . Thumps Up 👍/Thumbs Down 👎/Thumbs in the Middle 👊

बिधार्थीले बुझेमा Thumps Up गर्ने, नबुझेमा Thumbs Down गर्ने, वा अनिश्चित भएमा Thumbs in the Middle गर्ने

२ . Exit Tickets

कक्षा छोड्नु अघि, विद्यार्थीहरूले आफूले सिकेका कुराहरू वा आफूसँग अझै बाँकी रहेको प्रश्न लेख्छन् वा मौखिक रूपमा साझा गर्छन् ।

३ . Think-Pair-Share

विद्यार्थीहरूले एकल रूपमा प्रश्नको बारेमा सोच्छन्, त्यसपछि आफ्ना विचारहरू सहपाठी सँग छलफल गर्छन , र अन्तमा कक्षासँग साझा गर्छन ।

४ सेतोपाटिमा प्रतिक्रियाहरू (Whiteboard Responses)

विद्यार्थीहरूले आफ्ना उत्तरहरू एकल रुपमा ह्वाइटबोर्डहरूमा लेख्छन् र शिक्षकले देख्ने गरी बोर्डलाई माथी उठाएर देखाउछन ।

५ Four Corners

कोठाको चार कुनाहरू फरक जवाफ वा विचारहरूले लेबल गर्नुहोस्। अब विद्यार्थीहरू उनीहरूको बुझाइसँग मेल खाने कुनामा जान्छन्।

६ सिग्नल कार्डहरू (Signal Cards)

विद्यार्थीहरूले आफ्नो बुझाईको स्तरलाई संकेत गर्न रंगीन कार्डहरू (जस्तै रातो, पहेँलो, हरियो) प्रयोग गर्छन्। हरियोको अर्थ उनीहरूले बुझेका छन्, पहेंलोको अर्थ उनीहरू अनिश्चित छन्, र रातोको अर्थ उनीहरूलाई अझै बुझ्न मद्दत चाहिन्छ।

७ साथीलाई सिकाउनुहोस् (Partner Teach)

विद्यार्थीहरूले कुनै अवधारणाको व्याख्या साथीसँग साझा गर्छन्, यसले उनीहरूको समझलाई सुदृढ पार्छ र कुनै पनि गलत बुझाईहरूमा अन्तरदृष्टि प्रदान गर्दछ।

८ द्रुत लेखन (Quick Writes)

विद्यार्थीहरूले कुनै पनि दिईएको विषय वा प्रश्नमा आफ्नो विचार वा उत्तरहरू तुरुन्तै लेख्छन्।

९ Mini Quizzes
मुख्य अवधारणाहरूमा छोटो, अनौपचारिक क्विजहरूले बिधार्थीहरुको बुझाईको स्तर मूल्याङ्कन गर्न मद्दत गर्न सक्छ।

१० हातको संकेतहरु (Hand Signals)
थम्ब्स अपडाउन जस्तै, विद्यार्थीहरूले आफूले बुझेका छन वा थप मद्दत चाहिन्छ वा अन्योलमा छन् भनी संकेत गर्न विशेष हात सङ्केतहरू प्रयोग गर्न सक्छन्।

११ रातो बत्ती, हरियो बत्ती (Red Light, Green Light)
विद्यार्थीहरूले कुनै विषयमा आफ्नो बुझाइको स्तर देखाउन रातो बत्ती (रोक्नुहोस्), पहेंलो बत्ती (सावधानी) वा हरियो बत्ती (जानुहोस्) प्रयोग गर्छन्।

१२ Sentence Starters
विद्यार्थीहरूलाई वाक्यको शुरुवाती भाग दिई उनिहरुलाई त्यो वाक्य पूरा गर्न दिनुहोस्, यसो गर्दा उनीहरूको त्यस विषयको बुझाइ प्रकट हुन्छ।

	न्यून	मध्यम	उच्च
४.५ शिक्षकले खुला प्रश्न सोध्नुहुन्छ। (समालोचनात्मक चिन्तन / Critical thinking) *शिक्षकले खुल्ला प्रश्नहरू सोध्नुहुन्छ जसलाई तर्क, स्पष्टीकरण, वा सामान्यीकरण आवश्यक पर्दछ वा ति प्रश्नहरुको*	शिक्षकले खुला (ओपन-इन्डेड) प्रश्नहरू सोध्नुहुन्न् वा एउटा मात्र खुला (ओपन-इन्डेड) प्रश्न सोध्नुहुन्छ्। शिक्षकले बन्द-अन्त (क्लोज-इन्डेड) प्रश्नहरू सोध्न सक्नुहुन्छ जसको उत्तर एकमात्र वा पूर्वनिर्धारित हुन्छ *उदाहरणका लागि: शिक्षकले* सोध्नुहुन्छ् *"यस कथाको मुख्य पात्र को हो?" वा "-२ र -६ मा कुन ठूलो हो ?"*	शिक्षकले विद्यार्थीहरूलाई कम्तीमा दुईवटा खुला (ओपन-इन्डेड) प्रश्न सोध्नुहुन्छ् तर त्यसलाई विद्यार्थीहरूको जवाफमा आधारित बनाउनुहुँदैन, वा शिक्षकले दुईवटा खुला (ओपन-इन्डेड) प्रश्न सोध्नुहुन्छ् र तीमध्ये एउटा प्रश्न विद्यार्थीको जवाफको फलो-अप हो *उदाहरणका लागि: शिक्षकले सोध्नुहुन्छ, "किन चरित्र दुखी थियो ? के कुराले तपाईंलाई यस्तो सोच्न बाध्य बनाउँछ ?" वा "-६ भन्दा -२ किन*	शिक्षकले विद्यार्थीहरूलाई कम्तीमा तीनवटा वा सोभन्दा बढी खुला (ओपन-इन्डेड) प्रश्न सोध्नुहुन्छ् र आफ्ना तर्क प्रस्तुत गर्न, व्याख्या वा विचारको स्पष्टिकरण गर्न लगाई तीमध्ये कम्तीमा एउटा प्रश्नलाई विद्यार्थीहरूको जवाफमा आधारित बनाउनुहुन्छ *उदाहरणका लागि: शिक्षकले सोध्नुहुन्छ "कथाका मुख्य पात्रहरूले प्रतिस्पर्धाको लागि कसरी तयारी गर्नेछन् जस्तो लाग्छ ?" विद्यार्थीले जवाफ दिएपछि शिक्षकले सोध्नुहुन्छ, "कुन तथ्य वा विचारहरूले तपाईंलाई यस्तो सोच्न बाध्य बनायो ?" त्यसपछि*

एक भन्दा बढी सही उत्तरहरू छन्। **विद्यार्थीहरूमा समालोचनात्मक चिन्तन विकास गर्ने विभिन्न प्रकारहरूका उदाहरणहरू तल पृष्ठमा दिइएका छन्**		*ठूलो हो ?" र त्यसपछि सोध्नुहुन्छ, "-८ वा -४ कुन ठूलो हो भन्ने निर्धारण गर्न तपाईंले कसरी संख्या रेखा (नम्बर लाइन) को प्रयोग कसरी गर्नुहुन्छ ?"*	*उनले अर्को विद्यार्थीलाई सोध्नुहुन्छ "तपाईंको विचारमा अब के हुन्छ ?" गणित कक्षामा शिक्षकले सोध्नुहुन्छ, "तपाईंलाई -६ भन्दा -२ ठूलो हो भनेर कसरी थाहा भयो ?" विद्यार्थीले जवाफ दिएपछि, शिक्षकले सोध्नुहुन्छ, "यदि अङ्क धनात्मक (पोजिटिभ) भए के हुन्थ्यो ?" पाठपछि, शिक्षकले सोध्नुहुन्छ "-८ वा -४ कुन ठूलो हो भन्ने निर्धारण गर्न तपाईंले कसरी संख्या रेखा (नम्बर लाइन) को प्रयोग कसरी गर्नुहुन्छ ?"*

प्राथमिक कक्षाका विद्यार्थीहरूमा समालोचनात्मक चिन्तन निर्माण गर्ने रणनीतिहरू

समालोचनात्मक सोच एक आवश्यक सीप हो जसले विद्यार्थीहरूलाई सूचनाको विश्लेषण गर्न, समस्याहरू समाधान गर्न र सूचित निर्णयहरू लिन मद्दत गर्दछ। प्राथमिक कक्षाका विद्यार्थीहरूमा, समालोचनात्मक चिन्तनलाई बढावा दिनुले आजीवन सिकाइको जग खडा गर्न सक्छ। यहाँ धेरै रणनीतिहरू छन् जुन शिक्षकहरूले विद्यार्थीहरूको समालोचनात्मक चिन्तन गर्ने सिप निर्माण गर्न प्रयोग गर्न सक्छन्।

१ . प्रश्न गर्ने बिधिहरु

i. खुला प्रश्नहरु (Open-Ended Questions)

हो वा होइन जवाफ आउने प्रश्नहरु भन्दा पनि विद्यार्थीलाई गहिरो रूपमा सोच्न प्रोत्साहित गर्ने खुला प्रश्न गर्नुहोस्। उदाहरणका लागि,"के तपाईंलाई कथा मनपर्यो?" भन्ने प्रश्नको सट्टा,"तपाईलाई कथाको बारेमा के मनपऱ्यो र किन ?" भनेर सोध्नुहोस् ।

ii. Probing questions Questioning

विद्यार्थीहरूलाई उनीहरूको सोच र विचारहरू अझै बुझ्न मद्दत गर्न निर्देशित प्रश्नहरूको श्रृंखला प्रयोग गर्नुहोस्।

" तपाईलाई के लाग्छ?", "किन सोच्नुहुन्छ?" र "तपाईं थप व्याख्या गर्न सक्नुहुन्छ ?" जस्ता प्रश्नहरू गरी विद्यार्थीहरूलाई उनीहरूको प्रतिक्रियाहरू विस्तार गर्न प्रोत्साहित गर्नुहोस्।

iii. Wait Time

विद्यार्थीहरूलाई उनीहरूको उत्तरहरू बारे सोच्न पर्याप्त समय दिनुहोस्। प्रश्न सोधेपछि केही सेकेन्डको लागि रोकिदा विद्यार्थीहरूलाई जानकारी पर्याप्त बुझेर, विचारशील प्रतिक्रियाहरू दिन मद्दत गर्दछ ।

उदाहरणको लागी: यसमा हो वा होइन जवाफ आउने प्रश्न भन्दा बढी, आवश्यक पर्ने खुला प्रश्नहरू समावेश छ।

उदाहरणका लागि:

-"किन यस्तो भयो जस्तो लाग्छ?"

-"तपाईं आफ्नो तर्क व्याख्या गर्न सक्नुहुन्छ?"

२. समस्यामा आधारित सिकाई (Problem-Based Learning (PBL))

i. विश्वमा रहेको वास्तविक समस्याहरु: विद्यार्थीहरूको जीवन र अनुभवहरूसँग सान्दर्भिक वास्तविक-विश्व समस्याहरू सँग बिधार्थीहरुलाई परिचित गराउनुहोस्। उदाहरणका लागि, विद्यार्थीहरूलाई कक्षाकोठामा फोहोर घटाउने उपायहरू खोज्न लगाउनुहोस्।

ii. सामूहिक कार्य: विद्यार्थीहरूलाई समस्या समाधान गर्न समूहमा काम गराएर सामूहिक सिकाइलाई प्रोत्साहित गर्नुहोस्। यसले सामूहिक छलफल, विचार साझेदारी, र विभिन्न समाधानहरूको आलोचनात्मक मूल्याङ्कनलाई बढावा दिन्छ।

iii. Reflection: PBL गतिविधि पूरा गरेपछि, विद्यार्थीहरूलाई प्रक्रिया र उनीहरूको सिकाइमा प्रतिबिम्बित गराउनुहोस्। "समस्या समाधान गर्ने सबैभन्दा चुनौतीपूर्ण भाग के थियो?" र "अर्को पल्ट के गर्नु हुन्छ ?" जस्ता प्रश्नहरू सोध्नुहोस् ।

३. Interactive read-alouds

i. Think-alouds: कथा पढ्दा तपाईंको विचारहरू मौखिक रूपमा साझा गरेर आलोचनात्मक सोचको नमुना प्रदर्शन गर्नुहोस्। उदाहरणका लागि, भन्नुहोस्, "मलाई अचम्म लाग्छ किन यस चरित्रले त्यसो गर्यो ?" वा "म भविष्यवाणी गर्छु कि अब यो हुनेछ किनभने..."

ii. Text-to-Self Connections: विद्यार्थीहरूलाई पाठ र आफ्नै अनुभवहरू बीच सम्बन्ध हेर्न प्रोत्साहन गर्नुहोस्। यसले उनिहरूलाई सामग्रीसँग सम्बन्धित हुन र यसको अर्थको बारेमा अझ गहिरो रूपमा सोच्न मद्दत गर्छ।

iii. Questioning the Author: विद्यार्थीहरूलाई लेखकको अभिप्राय र दृष्टिकोणमा प्रश्न गर्न सिकाउनुहोस्। "तपाईंलाई लेखकले यो किन लेखेको जस्तो लाग्छ ?" र "लेखकले के सन्देश दिन खोज्दै हुनुहुन्छ ?"जस्ता प्रश्नहरू सोध्नुहोस्।

४. Hands-On Activities and Experiments

i. Scientific Inquiry: विद्यार्थीहरूलाई साधारण प्रयोगहरूमा संलग्न गर्नुहोस् जहाँ उनीहरूले भविष्यवाणी गर्न, नतिजाहरू अवलोकन गर्न र निष्कर्ष निकाल्न सक्छन्। उदाहरणका लागि, उनीहरूलाई विभिन्न वस्तुहरू पानीमा राख्दा के हुन्छ भनेर अनुमान लगाउन लगाउनुहोस्।

ii. Building Projects (निर्माण परियोजनाहरू): विद्यार्थीहरूलाई ब्लक, LEGO, वा पुनः प्रयोग गरिएको सामग्रीहरू प्रयोग गरेर निर्माण गतिविधिहरूमा संलग्न हुने अवसरहरू प्रदान गर्नुहोस्। तिनीहरूलाई योजना बनाउन, निर्माण गर्न, परीक्षण गर्न, र तिनीहरूका सिर्जनाहरू परिमार्जन गर्न प्रोत्साहित गर्नुहोस्।

iii. Role-Playing: विद्यार्थीहरूलाई विभिन्न परिप्रेक्ष्यहरू र समस्या समाधान गर्ने दृष्टिकोणहरू बारे आलोचनात्मक रूपमा सोच्न मद्दत गर्न भूमिका खेल्ने परिदृश्यहरू प्रयोग गर्नुहोस्। उदाहरणका लागि, द्वन्द्व समाधान स्थितिलाई अभिनय गरेर सम्भावित समाधानहरूबारे छलफल गर्नुहोस्।

५. Reflection based Strategies

i. Self-Questioning: विद्यार्थीहरूलाई सिक्ने क्रममा आफैलाई प्रश्नहरू सोध्न सिकाउनुहोस्, जस्तै "के मैले यो बुझें ?" र "यदि मैले बुझिन भने म के गर्न सक्छु ?"

ii. Reflection Journals: विद्यार्थीहरूलाई जर्नलहरू राख्न प्रोत्साहित गर्नुहोस् जहाँ उनीहरूले आफ्नो सिकाइ अनुभवहरू, उनीहरूले सामना गरेका चुनौतीहरू र त्यस चुनौतीहरू पार गर्न प्रयोग गरेको रणनीतिहरू प्रतिबिम्बित गर्छन्।

iii. Goal Setting: विद्यार्थीहरूलाई उनीहरूको सिकाइको लागि, विशिष्ट, प्राप्त गर्न सकिने लक्ष्यहरू बनाउन मद्दत गर्नुहोस्। यी लक्ष्यहरूमा पुग्नको लागि आवश्यक कदमहरू र तिनीहरूको प्रगति कसरी निगरानी गर्न सकिन्छ भनेर छलफल गर्नुहोस्।

	न्यून	मध्यम	उच्च
५. सिकाइको मुल्यांकन			
५.१ शिक्षकले अधिकांश विद्यार्थीको व्यक्तिगत वा सामुहिक कार्यको अनुगमन गर्नुहुन्छ।	शिक्षकले अधिकांश विद्यार्थीलाई व्यक्तिगत वा सामूहिक कार्यका क्रममा विद्यार्थीहरूको **निगरानी गर्नुहुन्न** • *उदाहरणका लागि: विद्यार्थीहरूले कार्य गरिरहेका बेला शिक्षक आफ्नो डेस्कमा बस्नुहुन्छ् वा कक्षाको अगाडि उभिनुहुन्छ।*	शिक्षकले उनीहरूको बुझाइ जाँच्नका लागि **केही विद्यार्थीको निगरानी** गर्नुहुन्छ ् *उदाहरणका लागि: शिक्षकले कक्षाको अगाडि बसेर विद्यार्थीहरूका कार्यको अवलोकन गर्दै सही/गलत के छ त्यो हेरी अवधारणाहरू प्रष्ट पार्नुहुन्छ वा प्रश्नहरू सोध्नुहुन्छ ्।* ****यदि कुनै पनि समूह वा स्वतन्त्र कार्य छैन भने यसलाई मध्यमको रूपमा अङ्क (स्कोर) दिइन्छ।***	शिक्षकले **अधिकांश** कक्षाकोठामा यताउति घुम्दै प्रत्येक विद्यार्थी वा समूहको छेउमा गएर उनीहरूले बुझे/नबुझेको जाँच गर्नुहुन्छ *उदाहरणका लागि: विद्यार्थीहरूले कार्य गरिरहेका बेला शिक्षक कक्षाकोठामा यताउति घुम्दै अधिकांश विद्यार्थी वा समूहको छेउमा गएर कार्य गरे/नगरेको, कुनै समस्या भए/नभएको, र प्रश्नहरूको उत्तर लेखे/नलेखेको हेर्नुहुन्छ।*

	न्यून	मध्यम	उच्च
५.२ शिक्षकले विद्यार्थीको स्तरअनुसारको शिक्षण गर्नुहुन्छ । *नोट: विद्यार्थीको स्तरअनुसारको शिक्षण गर्नु भनेको पाठको समयमा शिक्षकले विद्यार्थीको बुझाइको स्तर जाँच्नु हो र त्यसको आधारमा आफ्नो सिकाइ समायोजन गर्नु हो।* *उदाहरणको लागी:* *-यदि शिक्षकले विद्यार्थीले जवाफ नपाएको देखे भने, फरक तरिका प्रयोग गरेर शिक्षकले त्यस अवधारणालाई व्याख्या गर्न सक्नुहुन्छ* *-यदि शिक्षकले विद्यार्थीहरूले अवधारणा बुझेका छन् भने, उहाँले थप व्याख्या वा थप जानकारी दिन सक्नुहुन्छ*	शिक्षकले विद्यार्थीको स्तरअनुसारको शिक्षण गर्नुहुन्न *उदाहरणका लागि: शिक्षकले धेरै विद्यार्थीहरूबाट गलत जवाफ आइरहेको पाउँदा पनि सो सम्बन्धी अवधारणालाई पुनः व्याख्या गर्नुहुन्न। बरू, शिक्षकले अर्को पाठ अगाडि बढाउनुहुन्छ ।*	शिक्षकले विद्यार्थीको स्तरअनुसार केही हदसम्म समायोजन गर्नुहुन्छ, तर उक्त समायोजन संक्षिप्त र अस्पष्ट छ *उदाहरणका लागि: ७ × ३ को गुणन सम्बन्धी समस्या हल गर्दा एकजना विद्यार्थीले यसलाई जोड भन्ने ठानी उत्तरमा १० लेख्छन् । त्यसको प्रतिक्रियामा शिक्षकले ती विद्यार्थीलाई जोड गर्ने नभई गुणन गर्ने हो भनी सम्झाउनुहुन्छ।* ****यदि शिक्षकले पढाउने क्रम जारी राख्नुहुन्छ र समायोजन गर्नुपर्ने कुनै स्पष्ट आवश्यकता छैन भने, यसलाई मध्यमको रूपमा अङ्क (स्कोर) दिइन्छ ।***	शिक्षकले विद्यार्थीहरूलाई उनीहरूले छुटाएका वा नबुझेका अवधारणाहरू सिक्नका लागि थप अवसर दिँदै उनीहरूको स्तर अनुसार पर्याप्त रूपमा शिक्षण क्रियाकलापलाई सोही बमोजिम समायोजन गर्नुहुन्छ । पढाइ भइरहेको अवधारणा सम्बन्धमा अझ राम्रो बुझाइ प्रदान गर्न शिक्षकले फरक तरिका समेत अवलम्बन गर्न सक्नुहुन्छ । पहिले नै राम्रो बुझाइ प्राप्त गरिसकेका विद्यर्थीलाई थप चुनौतीपूर्ण कार्यहरू गर्न पनि दिन सक्नुहुन्छ *उदाहरणका लागि, शिक्षकले सेतोपाटीमा ७ × ५ र ७ + ३ लेखेर विभिन्न विद्यार्थीलाई यी दुई समयस्याबीच के भिन्नता भनी सोध्नुहुन्छ। त्यसपछि शिक्षक आफैले भिन्नताको व्याख्या गरी विद्यार्थीहरूलाई समान उदाहरण दिई त्यसको उत्तर लेख्न लगाउनुहुन्छ. ।* *वा यदि कुनै विद्यार्थीले कार्य (वर्क) गरिसकेको पाइएमा शिक्षकले बाँकी पाठ पढाउनुअघि उक्त विद्यार्थीलाई अर्को कार्य दिन सक्नुहुन्छ ।*

५.३ शिक्षकले विद्यार्थीको गलत बुझाइलाई निर्देशित प्रश्न र अन्य तरिकाबाट स्पष्ट पार्नुहुन्छ। ***टिप्पणीहरू:*** *"तपाईंले नेगेटिभ संकेत समावेश गर्न बिर्सनुभयो।"* *" त्यो सही उत्तर होइन।"* *"सम्झनुहोस्, कार्य वर्णन गर्न क्रिया प्रयोग गरिन्छ।"* ***मार्गदर्शक प्रश्नहरू:*** *- सही उत्तर पाउन के के परिवर्तन गर्नुपर्छ होला ?* *-फेरि सोच्नुहोस्, हामी कहिले संज्ञाहरूको प्रयोग गर्छौं ?* *- के तपाईलाई याद छ, हामीले पोजिटिभ र नेगेटिभ संख्यालाई गुणन गर्दा के हुन्छ ?*	**न्यून** विद्यार्थीहरूले नबुझेका कुरा स्पष्ट पार्न शिक्षकले त्यसका लागि सहयोगी हुने **टिप्पणी/प्रम्प्ट प्रदान गर्नुहुन्न**् वा टिप्पणी गरिएको भएपनि त्यो **सामान्य र मूल्याङ्कन गर्ने** खालको मात्रै छ। (जस्तैः "तिम्रो उत्तर गलत छ।" *उदाहरणका लागि: विद्यार्थीले शिक्षकको प्रश्नको गलत उत्तर दिएपछि शिक्षकले "त्यो गलत छ" भनी प्रतिक्रिया दिँदै पाठ अगाडि बढाउनुहुन्छ।*	**मध्यम** विद्यार्थीहरूले नबुझेका कुराका बारेमा **सामान्य वा सतही टिप्पणी/प्रम्प्ट** प्रदान **गर्नुहुन्छ** *उदाहरणका लागि: गणित कक्षामा शिक्षकले थप जानकारी वा प्रम्प्टहरू प्रदान नगरी "तपाईंले ऋणात्मक चिन्ह राख्न छुटाउनुभयो" मात्रै भन्नुहुन्छ।* ****यदि पाठको समयमा बिधार्थीमा कुनै पनि गलतफहमी देखिएन भने, यसलाई मध्यमको रूपमा अंकित गरिनेछ***	**उच्च** विद्यार्थीहरूले नबुझेका कुरा स्पष्ट पार्न शिक्षकले त्यसका लागि सहयोगी हुने ठोस जानकारी सहितको **विशिष्ट टिप्पणी/प्रम्प्ट प्रदान गर्नुहुन्छ** *उदाहरणका लागि, शिक्षकले भन्नुहुन्छ, "धनात्मक र ऋणात्मक अङ्कलाई गुणन गर्दा के हुन्छ भन्ने बारेमा तपाईंहरूलाई थाहा छ ? अब तपाईंहरूले लेखेको नोटबुक हेरौं है छ। सही उत्तरका लागि तपाईंहरूले के परिवर्तन गर्नुपर्छ ?"*

चरण २: शिक्षकहरूलाई पेसागत सहायता प्रदान गर्न मेन्टरिङ सत्र सञ्चालन

अवलोकन पश्चात मेन्टरले सो अवलोकनका आधारमा शिक्षकसँग मेन्टरिङ सत्र सञ्चालन गर्नुपर्छ। मेन्टरले विभिन्न शिक्षण अभ्यासहरूमा शिक्षकले कस्तो कार्यसम्पादन प्रदर्शन गरेका छन् भन्ने हेरी सोही अनुरूप मेन्टरिङ सत्र सञ्चालन गर्नुपर्नेछ।

मेन्टरिङको प्रोटोकल

मेन्टरिङ सत्रका क्रममा मेन्टरले देहाय बमोजिमका कार्य गर्नुपर्छ :

१. ३० मिनेट लामो मेन्टरिङ सत्र सञ्चालन

कक्षाकोठा अवलोकनपछि मेन्टर र शिक्षक ३० मिनेट लामो मेन्टरिङ सत्रको लागि सँगै बस्नेछन्। मेन्टरिङ सत्रले निर्देशिकामा उल्लेख गरिएका मुख्य चरणहरूको अवलम्बन गर्नुपर्नेछ।

२. एक पटकमा एउटा मात्र सुधारको क्षेत्रमा केन्द्रित रहने

मेन्टरले प्रत्येक मेन्टरिङ सत्रमा एउटा मात्र शिक्षण अभ्यासमाथि ध्यान केन्द्रित गर्नुपर्छ (जस्तै, विद्यार्थीहरूले बुझेको सुनिश्चित गर्न सत्रले शिक्षकलाई प्रश्न वा अन्य रणनीतिहरू प्रयोग गर्ने सम्बन्धमा मद्दत गर्न मात्र ध्यान केन्द्रित गर्नुपर्छ)।

३. विशिष्ट तथा ठोस प्रतिक्रिया वा सल्लाह सुझाव दिने


शिक्षकलाई "तपाईंले विद्यार्थीलाई अझ बढी व्यस्त राख्नुपर्छ" भन्ने जस्ता अस्पष्ट प्रतिक्रिया वा सल्लाह सुझाव दिँदा भिन्न किसिमले के चाहीँ गर्ने भनेर बुझ्न शिक्षकलाई गाह्रो हुन्छ। बरू, उनीहरूले प्रयास गर्न सक्ने विशेष कार्यहरूका बारेमा सुझाउनुहोस्।

४. विद्यालयको शान्त ठाउँमा बसेर एकल मेन्टरिङ सत्र सञ्चालन गर्ने

मेन्टरिङ सत्र विद्यालयको कम होहल्ला र थोरै मानिस भएको ठाउँमा सञ्चालन गरिएको सुनिश्चित गर्नुहोस्।

मेन्टरिङ प्रक्रिया

विश्व बैंकद्वारा कोच कार्यक्रममा निर्दिष्ट प्रक्रियामा आधारित रही मेन्टरिङ प्रक्रियाको डिजाइन गरिएको छ । यस प्रक्रियामा चित्र ३ मा देखाइए अनुसारका मुख्य चरणहरू अवलम्बन गरिन्छ । चित्रले पृष्ठपोषण चक्रका मुख्य चरणहरूमाथि प्रकाश पारेको छ । पहिलो मुख्य चरण भनेको मेन्टी (नवप्रवेशी शिक्षक) सँगको सम्बन्ध बलियो बनाउनु रहेको छ । मेन्टर र मेन्टीबीच विश्वासमा आधारित सम्बन्ध स्थापित गर्न र मेन्टीले आफूलाई केही काम गर्न बाध्य बनाइएको वा आफ्नो निगरानी भइरहेको महसुस गर्न नदिन यसको महत्वपूर्ण भूमिका हुन्छ ।



अवलोकनपूर्व मेन्टरले अवलोकन र मेन्टरिङका लागि आवश्यक तयारी गर्न पर्याप्त समय खर्च छुट्याउनुपर्छ । विद्यालयमा एक पटक मेन्टरले मेन्टीसँग भेट गरी उनी कुशल मंगल रहेको र पाठ पढाउन तयार रहेको सुनिश्चित गर्नुपर्छ ।

त्यसपछि अवलोकन उपकरण फाराम प्रयोग गरी अवलोकन सत्र सञ्चालन गरिन्छ । अवलोकन पश्चात मेन्टर र मेन्टी ३० मिनेट लामो मेन्टरिङ सत्रका लागि सँगै बस्छन् । उक्त सत्र अवलोकनका आधारमा निर्दिष्ट गरिएको हुन्छ । मेन्टरिङ पश्चात सो मेन्टरिङ सत्रमा बताइएका रणनीतिहरू अभ्यास गर्न शिक्षकहरूलाई ३-४ हप्ताको समय दिनुपर्छ । मेन्टरले मेन्टीलाई उनीहरूले निश्चित अवधिमा हासिल गर्न चाहेका लक्ष्यहरू निर्धारण गर्न पनि सहयोग गर्नुपर्छ ।

मेन्टरलाई निर्देशन

- अवलोकन फाराम पढ्नुहोस् र यो मेन्टरिङ हाते पुस्तिका आफ्नो साथमा राख्नुहोस् ।
- मेन्टरिङ सत्र ३० मिनेट लामो र शान्त ठाउँमा गरिएको हुनुपर्छ । अवलोकन सम्पन्न भएपछि, १५ मिनेटको समय लिई निर्देशिकामा दिइएको शिक्षण अभ्यासको स्केल (मापन) प्रयोग गरी अङ्क (स्कोर) दिनुहोस् ।
- मेन्टरिङ सत्रकै कारण नवप्रवेशी शिक्षकहरूको अन्य कार्यमा बाधा नपुग्ने सुनिश्चित गर्नुहोस् ।
- मेन्टरिङ सत्रले विद्यालयका अन्य क्रियाकलापमा बाधा पुऱ्याएको हुनुहुँदैन ।
- यदि तपाईंले पहिले नै कुनै नवप्रवेशी शिक्षकको अवलोकन गरी पृष्ठपोषण दिइसक्नु भएको रहेछ भने कक्षामा जानुपूर्व अघिल्लो मेन्टरिङ सत्रको अवलोकन फारम समीक्षा गर्नुहोस् ।

मेन्टरिङ सत्र

मेन्टरिङ सत्रले देहाय बमोजिमका मुख्य चरणहरू अवलम्बन गर्नुपर्छ :

चरण १: सम्पर्क (चेक-इन) (५ मिनेट)	सत्रको सुरूमा नवप्रवेशी शिक्षकलाई उनीहरूको पाठका बारेमा सोध्नुहोस् । मेन्टरले मेन्टीलाई केही आत्म-चिन्तन गर्न लगाउनुपर्छ । **उदाहरण:** • आरामै हुनुहुन्छ ? • तपाईंलाई आजको पाठ कस्तो भयो भन्ने लाग्छ ? • पाठप्रति तपाईं सन्तुष्ट हुनुहुन्छ ? • तपाईंलाई आफूले सुधार गर्नुपर्ने केही क्षेत्र छ जस्तो लाग्छ ? • तपाईंलाई आफूले कक्षाकोठामा धेरै राम्रो गरें जस्तो लाग्छ ? (संकेत दिने: विद्यार्थीहरूको व्यवस्थापन, सेतोपाटीमा लेख्ने, विद्यार्थीहरूलाई पढ्न लगाउने आदि) **द्रष्टव्य** : यदि तपाईंले यसअघि पनि शिक्षकसँग मेन्टरिङ सत्र गर्नुभएको छ भने अघिल्लो अवलोकनका केही बुँदाहरू सम्झनुहोस् र शिक्षकलाई अघिल्लो मेन्टरिङले उनीहरूलाई शिक्षणमा क्रियाकलापमा केही सुधार गर्न मद्दत गऱ्यो कि भनेर सोध्नुहोस् । मुद्दत पुगेका क्षेत्रहरू के के थिए ?

चरण २: सकारात्मक पक्षहरू (१० मिनेट)	सम्पर्क (चेक-इन) पश्चात मेन्टरले मेन्टीलाई सकारात्मक पक्षहरू बताउनुपर्छ । मेन्टरले मेन्टीलाई कम्तीमा २-३ सकारात्मक पक्षहरूमाथि प्रकाश पार्नुपर्छ । **सकारात्मक पक्षहरू कसरी पहिचान गर्ने:** मेन्टरले अवलोकनका अङ्कहरू (स्कोर) हेरी नवप्रवेशी शिक्षकले उच्चतम अङ्क प्राप्त गरेको शिक्षण अभ्यासलाई छान्नुपर्छ । नवप्रवेशी शिक्षकलाई उनले कुन शिक्षण अभ्यासमा सबैभन्दा बढी अङ्क प्राप्त गरे भन्ने सम्बन्धमा थाहा दिई निर्देशिकामा उल्लिखित उक्त शिक्षण अभ्यासको विवरण पढेर सुनाउनुहोस् । **उदाहरण:** • तपाईंले आज सबै विद्यार्थीलाई समान व्यवहार गर्नुभयो • तपाईंले आज पाठका उद्देश्यहरू स्पष्ट रूपमा व्याख्या गर्नुभयो • आजको कक्षामा अधिकांश विद्यार्थीहरूले कार्य गरेका थिए

चरण ३: **सुधार गर्नुपर्ने क्षेत्र (१० मिनेट)**	त्यसपछि मेन्टरले अर्को अवलोकनअघि मेन्टीले ध्यान दिनुपर्ने सुधारको एउटा क्षेत्रलाई हाइलाइट गर्नुपर्छ । **उदाहरण:** मैले आज तपाईंसँग एउटा शिक्षण अभ्यासका बारेमा विस्तृत छलफल गर्न चाहन्छु । त्यो हो- "शिक्षकले विद्यार्थीहरूसँग सकारात्मक भाषा प्रयोग गर्नुपर्छ । यो एउटा अति महत्वपूर्ण शिक्षण अभ्यास हो । त्यसैले यसबारे विस्तारमा छलफल गरौं ।" मेन्टीलाई अङ्क (स्कोर) बताउनुहोस् । "यस शिक्षण अभ्यासमा तपाईंले X (L, M, वा H *पनि हुन सक्ने)* अङ्क प्राप्त गर्नुभयो ।" तपाईंले मेन्टीलाई रूब्रिक (अङ्क प्रदान गर्ने विधि) पनि देखाउन सक्नुहुन्छ ताकि उनीहरूलाई अभ्यास कसरी निर्दिष्ट गरिएको छ र यो अभ्यासको निम्न, मध्यम र उच्चमध्ये कुन स्तर हो भनेर बुझाइ प्राप्त हुन सक्छ । मेन्टरले सुधारको महत्वबारे प्रकाश पार्नुपर्छ र मेन्टीले शिक्षण अभ्यासका क्रममा निर्देशिकामा उल्लिखित उच्च स्तरको मापन हुने गरी कार्य गर्नुपर्छ ।

चरण ४: **आगामी कदमहरू** **(५ मिनेट)**	सत्रको अन्तिम चरणमा मेन्टीलाई अर्को अवलोकन हुनुअघि शिक्षण अभ्यासमा उनीहरूले गर्न सक्ने मुख्य क्रियाकलापहरूको टिपोट बनाउन लगाउनुपर्छ । • *आगामी कदमहरूका बारेमा शिक्षकसँग सहमत हुनुहोस् : तोकिएको अभ्यासमा सुधार गर्न शिक्षकले चाल्ने कदमहरू :* **उदाहरण:** ➢ शिक्षकलाई विद्यार्थीहरूको नाम थाहा छ र उनले विद्यार्थीहरूलाई नामले बोलाउँछन् । ➢ शिक्षकले विद्यार्थीले प्रश्नको जवाफ दिँदा वा सेतोपाटीमा आउँदा वा उनीहरूलाई उठ्न लगाउँदा धन्यवाद भन्नेछन् । ➢ शिक्षकले विद्यार्थीहरूलाई कक्षाकार्यमा निर्देशन दिँदा वा उनीहरूलाई उठ्न लगाउँदा कृपया भन्नेछन् ।

	➢ शिक्षकले विद्यार्थीहरूसँग नरम स्वरमा कुरा गर्नेछन् । • अर्को अवलोकनको समय निर्धारण गर्नुहोस् । • शिक्षकलाई उनले अर्को सत्रमा पाठ अवलोकन उपकरण फाराम पुनः प्रयोग गर्नुपर्ने र सोही अवलोकनका आधारमा शिक्षण अभ्यास चयन गर्नुपर्ने जानकारी दिनुहोस् ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण

राम्रो पृष्ठपोषणले मेन्टीले प्रत्येक शिक्षण अभ्यासभित्र न्यून, मध्यम वा उच्च व्यवहारका विभिन्न उदाहरणहरू बुझ्न सक्षम रहेको सुनिश्चित गर्दछ । यस कार्यमा मेन्टरलाई सहज बनाउन, तलको खण्डले मेन्टरद्वारा अवलोकन गरिएका मुख्य शिक्षण अभ्यासहरू सम्बन्धमा थप उदाहरणहरू प्रदान गर्दछ । यहाँ के स्पष्ट पार्नु उचित हुन्छ भने यी उदाहरणहरू सन्दर्भ सामग्रीका लागि मात्रै दिइएका हुन् । त्यसैले न्यून, मध्यम वा उच्च व्यवहारका बारेमा तल दिइएका उदाहरणहरू बाहेकका विषयलाई पनि निर्देशिकामा उल्लिखित रूब्रिक (अंक प्रदान गर्ने विधि) अनुसार ध्यान दिई मूल्याङ्कन गरिनुपर्छ ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले सबै विद्यार्थीलाई सम्मानजनक व्यवहार गर्छन्

सबै विषयमा लागू हुने		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकले कक्षाकोठामा विद्यार्थीहरूलाई गाली गर्छन् र कराउँछन्	शिक्षकले विद्यार्थीहरूलाई कराउने नगरे पनि उनीहरूको नाम लिएर बोलाउँदैनन्	शिक्षकले विद्यार्थीलाई उनीहरूको नामले बोलाउँछन्
शिक्षकले विद्यार्थीहरूलाई पिट्छन्	शिक्षकले विद्यार्थीहरूलाई पिट्ने वा कराउने नगरे पनि खासै सम्मान गर्दैनन्	शिक्षकले विद्यार्थीहरूलाई सांस्कृतिक रूपमा सम्मान हुने गरी बोलाउँछन्
शिक्षकले विद्यार्थीहरूलाई अपमानजनक वा अनादरपूर्ण शब्दहरू प्रयोग गरी बोलाउँछन्	शिक्षकले विद्यार्थीहरूलाई अनादरपूर्ण शब्दहरू प्रयोग नगरे पनि सम्मानजनक शब्दहरू प्रयोग गर्दैनन्	शिक्षकले धेरै सम्मानजनक शब्दहरू प्रयोग गर्छन् । जस्तैः धन्यवाद र कृपया ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीसँग सकारात्मक भाषा प्रयोग गर्छन्

सबै विषयमा लागू हुने		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकले कक्षाकोठामा विद्यार्थीहरूलाई निराश बनाउने खालका नकारात्मक शब्दहरू बोल्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई “राम्रो काम” भन्ने जस्ता केही सकारात्मक भाषा प्रयोग गर्छन् ।	शिक्षकले निरन्तर रूपमा सकारात्मक भाषा प्रयोग गरी कक्षाभरि नै विद्यार्थीहरूलाई उत्प्रेरित गर्छन् ।
गणित पाठको क्रममा शिक्षकले विद्यार्थीहरूलाई सेतोपाटीमा बोलाउँछन् । तर उनीहरूले हिसाब गर्न नजानेको अवस्थामा पनि शिक्षकले उनीहरूलाई उत्प्रेरित गर्न केही बोल्दैनन् ।	गणित पाठको क्रममा शिक्षकले विद्यार्थीहरूलाई सेतोपाटीमा बोलाउँछन् । उनीहरूले हिसाब गर्न नजानेको अवस्थामा शिक्षकले उनीहरूलाई ‘प्रयास गरिरहनुहोस्’ र ’तपाईं स्मार्ट हुनुहुन्छ’ भन्छन् ।	गणित पाठको क्रममा शिक्षकले विद्यार्थीहरूलाई सेतोपाटीमा बोलाउँछन् । उनीहरूले योगफल गर्न नजानेको अवस्थामा शिक्षकले उनीहरूलाई ‘प्रयास गरिरहनुहोस् । तपाईंले यसअघि गर्न सक्नुभएको थियो’ भन्छन् ।
शिक्षकले विद्यार्थीहरूलाई कथाको केही हरफ पढ्नका लागि कक्षाकार्य दिन्छन् । एकजना विद्यार्थीलाई केही शब्दहरू पढ्न आउँदैन र शिक्षकले उनलाई पढाइमा सधैं खराब भएको बताउँछन् ।	शिक्षकले विद्यार्थीहरूलाई कथाको केही हरफ पढ्नका लागि कक्षाकार्य दिन्छन् । एकजना विद्यार्थीलाई केही शब्दहरू पढ्न आउँदैन र शिक्षकले उनलाई प्रयास जारी राख्न सल्लाह दिन्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई कथाको केही हरफ पढ्नका लागि कक्षाकार्य दिन्छन् । एकजना विद्यार्थीलाई केही शब्दहरू पढ्न आउँदैन र शिक्षकले उनलाई प्रयास जारी राख्न सल्लाह दिँदै उनले पढ्न सक्ने बताउँछन् । शिक्षकले उहाँ एउटा असल विद्यार्थी भएको र दिइएका कार्य गर्ने गरेको बताउँछन् ।
पाठपछि शिक्षकले परीक्षा लिन्छन् । परीक्षाको क्रममा केही विद्यार्थीहरूले प्रश्नहरूको उत्तर दिन सक्दैनन् । शिक्षकले उनीहरूलाई गाली गर्न थाल्छन् ।	पाठपछि शिक्षकले परीक्षा लिन्छन् । परीक्षाको क्रममा केही विद्यार्थीहरूले प्रश्नहरूको उत्तर दिन सक्दैनन् । शिक्षकले विद्यार्थीलाई प्रयास गर्न र आफूले सकेजति राम्रो गर्न सुझाव दिँदै उनीहरू असल विद्यार्थी भएको बताउँछन् ।	पाठपछि शिक्षकले परीक्षा लिन्छन् । परीक्षाको क्रममा केही विद्यार्थीहरूले प्रश्नहरूको उत्तर दिन सक्दैनन् । शिक्षकले विद्यार्थीलाई प्रयास गर्न र आफूले सकेजति राम्रो गर्न सुझाव दिन्छन् । शिक्षकले उनीहरूले दिनानुदिन प्रगति गरिहरहेको र उनीहरूप्रति आफूलाई गर्व रहेको बताउँछन् ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीहरूका आवश्यकतालाई सम्बोधन गर्छन्

गणित		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकलाई विद्यार्थीको आवश्यकताबारे राम्ररी थाहा छैन, र यदि थाहा छ भने पनि उनले विद्यार्थीका समस्यालाई सम्बोधन गर्दैनन् । उदाहरणका लागि: अन्तिम पङ्क्तिमा बसेका विद्यार्थीहरूले सेतोपाटी स्पष्टसँग देख्न सकेका छैनन् । तर शिक्षकले उनीहरूको त्यो समस्यालाई ध्यान दिएनन् ।	शिक्षकलाई कक्षाको अन्तिममा बसेका विद्यार्थीहरूले सेतोपाटी स्पष्टसँग देख्न नसकेको कुरा थाहा भएपनि उनले तिनीहरूलाई अगाडिको पङ्क्तिमा आएर बस्न भनेनन् वा अन्य व्यवस्था मिलाएनन् । उनले सेतोपाटीमा लेखिएका प्रश्नहरू उनीहरूले देखे/नदेखेको मात्रै सोधे ।	शिक्षकले अन्तिम पङ्क्तिमा बसेका विद्यार्थीहरूलाई अगाडिको पङ्क्तिमा आउन र सेतोपाटीमा लेखिएका प्रश्नहरू स्पष्ट रूपमा देखेको सुनिश्चित गर्न भने ।
शिक्षकले सेतोपाटीमा प्रश्न हल गरे तर एकजना विद्यार्थीले सेतोपाटी राम्रोसँग देख्न सकेनन् । शिक्षकले विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्दैनन् ।	शिक्षकले ती विद्यार्थीलाई अर्को विद्यार्थीको सिटमा बस्न लगाए, तर उनले अब अर्को विद्यार्थीले सेतोपाटी देख्न नसकेको कुरालाई ध्यान दिएनन् ।	सेतोपाटीमा प्रश्नहरूको हल गर्न सुरू गर्नुअघि सबैले राम्रोसँग देख्न सक्ने गरी शिक्षकले विद्यार्थीहरूलाई बस्ने प्रबन्ध मिलाउँछन् ।
शिक्षकले न त सबै विद्यार्थीहरूसँग ज्यामितिका प्रश्नहरू हल गर्न ज्यामितिका सामग्रीहरू छ कि छैन जाँच्छन् न त सबै विद्यार्थीले कक्षामा ध्यान दिएका छन् कि छैनन् भनेर हेर्छन् । उनीहरूको आवश्यकता पूरा गर्न कुनै पहल गर्दैनन् ।	ज्यामितिका प्रश्नहरू हल गर्न कक्षाका केही विद्यार्थीसँग ज्यामितिका आवश्यक सामग्री छैन भन्ने बारेमा शिक्षकलाई थाहा भयो । तर उनले उक्त समस्याको समाधान गरेनन् ।	ज्यामितिका प्रश्नहरू हल गर्न कक्षाका केही विद्यार्थीसँग ज्यामितिका आवश्यक सामग्री छैन भन्ने बारेमा शिक्षकलाई थाहा भयो । त्यसैले उनले विद्यार्थीहरूलाई कक्षाकार्य गरिसकेपछि आफूसँग रहेको साम्रगी अन्य साथीहरूलाई दिन अनुरोध गरी सामग्री नभएका विद्यार्थीलाई मद्दत गरे ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले कक्षाकोठामा कुनै पनि लैङ्गिक समूहलाई अन्यायपूर्ण व्यवहार गर्दैनन्

सबै विषयमा लागू हुने		
न्यून	**मध्यम**	**उच्च**
सबै छात्राहरू कक्षाको पछाडि र छात्रहरू अगाडि बसेका छन् । पाठको अवधिभरि शिक्षकले एकै ठाउँमा कक्षाको अगाडि मात्रै उभिएर पढाउँछन् ।	कक्षामा बस्ने व्यवस्था लैङ्गिकमैत्री तरिकाले प्रबन्ध मिलाइएको छैन । छात्रा र छात्रहरू सबैले शिक्षक र सेतोपाटी स्पष्टसँग देख्न सक्ने गरी उनीहरूलाई एकै एकअर्कासँग बसाइन्छ ।	दुवै लिङ्गका विद्यार्थीलाई समान व्यवहार हुने गरी कक्षामा बस्ने व्यवस्था मिलाइएको छ र सबैले शिक्षक र सेतोपाटी देख्न सक्छन् । शिक्षकले कक्षाकोठामा यताउती घुम्दै पढाउँछ् । छात्राहरू कक्षाको धेरै पछाडि वा कुनामा रहेको देखेमा शिक्षकले उनीहरूलाई तत्कालै अगाडि गएर बस्न भन्छन् ।
शिक्षकले छात्रारूलाई मात्र प्रश्न सोध्छन् र कक्षाकोठामा छात्रहरूलाई बेवास्ता गर्छन् । वा शिक्षकले छात्रहरूलाई मात्र प्रश्न सोधी छात्राहरूलाई बेवास्ता गर्छन् ।	शिक्षकले धेरै छात्र र थोरै छात्रालाई प्रश्न सोध्छन् । वा शिक्षकले धेरै छात्रा र थोरै छात्रलाई प्रश्न सोध्छन् ।	शिक्षकले धेरै छात्र र छात्रा दुवैलाई समान रूपमा प्रश्न सोध्छन् ।
सेतोपाटीमा कक्षाकोठा क्रियाकलाप गर्ने क्रममा शिक्षकले छात्रहरूलाई मात्र सहभागी गराई छात्राहरूलाई बेवास्ता गर्छन् । वा शिक्षकले शिक्षकले छात्राहरूलाई मात्र सहभागी गराई छात्रहरूलाई बेवास्ता गर्छन् ।	सेतोपाटीमा कक्षाकोठा क्रियाकलाप गर्ने क्रममा शिक्षकले धेरै छात्र र थोरै छात्राहरूलाई सहभागी गराउँछन् । वा शिक्षकले धेरै छात्रा र थोरै छात्रहरूलाई सहभागी गराउँछन् ।	सेतोपाटीमा कक्षाकोठा क्रियाकलाप गर्ने क्रममा शिक्षकले छात्र र छात्रा दुवैलाई समान रूपमा सहभागी गराउँछन् ।
शिक्षकले विद्यार्थीहरूलाई लैङ्गिक आधारमा समूह छुट्याई कक्षाकोठा क्रियाकलापका क्रममा छात्राहरूको समूहलाई मात्र मद्दत गरी छात्रहरूलाई बेवास्ता गर्छन् । वा शिक्षकले छात्रहरूको समूहलाई मात्र मद्दत गरी छात्राहरूलाई बेवास्ता गर्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई लैङ्गिक आधारमा समूह छुट्याई कक्षाकोठा क्रियाकलापका क्रममा छात्र र छात्रा दुवैलाई उत्तिकै मद्दत गर्छन् ।	शिक्षकले मिश्रित लैङ्गिक समूह बनाई सबै समूहलाई उत्तिकै मद्दत मिलेको सुनिश्चित गर्छन् ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले पाठका उद्देश्यहरू स्पष्ट रूपमा बताई कक्षाकोठा क्रियाकलापहरूलाई ती उद्देश्यसँग तालमेल गराउँछन्

गणित		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकले दुई अङ्कको जोड पढाइरहेका छन् । शिक्षकले एउटा किताब हातमा लिएर विद्यार्थीहरूलाई पाठको उद्देश्य नबताई प्रश्नहरू हल गर्न थाल्छन् । उसले हालमा पेन्सिल देखाएर विद्यार्थीहरूलाई गणना गर्न भन्छन् । उक्त गणना गर्ने क्रियाकलाप कक्षा उद्देश्यसँग सम्बन्धित छैन ।	शिक्षकले विद्यार्थीहरूलाई कक्षामा आफूले दुई अङ्कको जोड गर्ने तरिका सिकाउन लागेको बताउँछन् । तर उनले दुई अङ्कको हातमा लाग्ने (क्यारी गर्ने) वा हातमा नलाग्ने (क्यारी नगर्ने) कुन प्रकारको जोड सिकाइने हो त्यो बारेमा केही बताउँदैनन् । क्रियाकलापहरूबाट कुनै न कुनै रूपमा पाठको उद्देश्य थाहा हुन्छ ।	शिक्षकले विद्यार्थीहरूलाई स्पष्ट रूपमा आफूले दुई अङ्कको हातमा लाग्ने (क्यारी गर्ने) जोड गर्ने तरिका सिकाउन लागेको बताउँछन् । पाठको क्रममा उनका सबै क्रियाकलापहरू विषयवस्तुसँग सम्बन्धित छन् र यसबाट पाठको उद्देश्य सजिलै बुझ्न सकिन्छ ।
शिक्षकले पाठको उद्देश्य नबताई पढाउन थाल्छन् । पाठको उद्देश्य सेतोपाटीमा लेखिएको छैन ।	शिक्षकले सेतोपाटीमा पाठको शीर्षक लेखे पनि त्यसबारे व्याख्या गर्दैनन् वा पाठको क्रममा यसलाई क्रियाकलापहरूसँग जोड्दैनन् ।	शिक्षकले सेतोपाटीमा पाठको शीर्षक लेखी त्यसबारे व्याख्या गर्छन् । पाठको क्रममा यसलाई क्रियाकलापहरूसँग जोड्छन् ।
शिक्षकले गुणन सिकाउन थाल्छन् । उनले पाठ उद्देश्य बताउँदैनन् ।	शिक्षक भन्छन्, “आज हामी गुणन सिक्न जाँदैछौं ।”	शिक्षक भन्छन्, “आज हामी गुणन सिक्न जाँदैछौं ।” साथै, कक्षा क्रियाकलापहरूबाट पाठको उद्देश्य सजिलै थाहा पाउन सकिन्छ ।
विषयवस्तुको कुनै उचित परिचय वा व्याख्याबिना शिक्षकले सीधै गुणन सम्बन्धी प्रश्नहरूको हल गर्न थाल्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई “आज हामी गुणन सिक्न गइरहेका छौं” मात्रै भन्छन् वा सेतोपाटीमा लेख्छन् । त्यसपछि कुनै व्याख्या नगरी वा त्यस विषयमा थप विवरण नदिई त्यससँग सम्बन्धित प्रश्नहरूको हल गर्न थाल्छन् ।	शिक्षकले पाठ शीर्षक बताई सेतोपाटीमा लेख्छन् । यसबाट विद्यार्थीहरूले भिन्नहरु (फ्र्याक्सन) को गुणन सिक्न गइरहेको थाहा पाउँछन् । शिक्षकले समूह क्रियाकलापका क्रममा समेत भिन्नहरु (फ्र्याक्सन) को गुणनबारे व्याख्या गर्छन् ।
शिक्षकले पाठ शीर्षकका बारेमा कुनै परिचय दिँदैनन् ।	शिक्षक भन्छन्, “आजको पाठ शीर्षक घटाउ रहेको छ ।”	शिक्षक भन्छन्, “आजको पाठ शीर्षक दुई अङ्कको घटाउ रहेको छ र यस बारेमा हामी समूह क्रियाकलाप समेत गर्नेछौं ।”

अंग्रेजी		
न्यून	**मध्यम**	**उच्च**
कक्षाको पाठ शीर्षक 'Proper Noun' (व्यक्तिवाचक नाम) रहेको छ । पाठको उद्देश्य नबताई शिक्षकले पुस्तक पल्टाएर वाचन गर्न थाल्छन् । उनका क्रियाकलापहरू स्पष्ट र पाठको उद्देश्यहरू सम्बन्धित छैनन् ।	शिक्षकले विभिन्न चीजहरूको नाम सोध्छन् र त्यसपछि विद्यार्थीलाई थप विवरणबिना उनीहरूले नामको बारेमा सिक्न गइरहेको बताउँछन् । तथापि, क्रियाकलापहरूका आधारमा पाठका उद्देश्यहरू बुझ्न सकिन्छ ।	शिक्षकले विभिन्न चीजहरूको नाम सोध्छन् र त्यसपछि Common Noun (जातिवाचक नाम) र Propoer Noun (व्यक्तिवाचक नाम) बारे व्याख्या गर्छन् । सबै क्रियाकलापहरू पाठका उद्देश्यहरूसँग सटीक रूपमा पङ्क्तिबद्ध छन् । तिनीहरूले स्पष्ट रूपमा पाठका उद्देश्यहरू बुझ्न मद्दत गर्छ ।
शिक्षकले Verb (क्रियापद) पढाउँदै छन् । पाठको क्रममा उनले पाठका उद्देश्यहरू बताउँदैन् ।	शिक्षकले Verb (क्रियापद) पढाउँदै छन् । पाठको क्रममा उनले Verb (क्रियापद) सँग सम्बन्धित केही क्रियाकलापहरू गरेर देखाउँछन् ।	शिक्षकले Verb (क्रियापद) पढाउँदै छन् । पाठको क्रममा उनले पाठका उद्देश्यहरू स्पष्ट रूपमा बताई Verb (क्रियापद) सँग सम्बन्धित विभिन्न क्रियाकलापहरू गरेर देखाउँछन् ।
पाठको उद्देश्य नबताई शिक्षकले विद्यार्थीहरूलाई पुस्तक पल्टाउन र Noun (नाम) को बारेमा पढ्न सुरू गर्न लगाउँछन् ।	शिक्षक यति मात्रै भन्छन्, “आज हामी Noun (नाम) का बारेमा पढ्न जाँदैछौं” । उनले Countable Noun (गणनीय नाम) वा Uncountable Noun (अगणनीय नाम) के पढ्ने हो भन्ने बारेमा त्यसको प्रकार र अन्य विवरण बताउँदैनन् ।	पाठको उद्देश्य स्पष्टसँग बताउँदै शिक्षक भन्छन्, “आज हामी Noun (नाम), यसका प्रकारहरू Countable Noun (गणनीय नाम) र Uncountable Noun (अगणनीय नाम), यसका सामान्य उदाहरणहरूका बारेमा पढ्न जाँदैछौं” ।
शिक्षकले पाठ शीर्षकको बारेमा कुनै परिचय दिँदैनन् ।	शिक्षक भन्छन्, “आजको हाम्रो पाठ शीर्षक Verb (क्रियापद) रहेको छ ।”	शिक्षक भन्छन्, “आजको हाम्रो पाठ शीर्षक Verb (क्रियापद) रहेको छ र हामीले विभिन्न प्रकारका Verb (क्रियापद) का बारेमा पढ्नेछौं । साथै, हामीले यस बारेमा समूह क्रियाकलाप पनि गर्नेछौं ।”

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीको बुझाइको स्तर सुनिश्चित गर्न प्रश्नोत्तर वा अन्य रणनीतिहरू प्रयोग गर्छन्

गणित		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकले विद्यार्थीहरूलाई हो/होइन प्रश्नको जवाफ दिन लगाउँछन् । जस्तै: "तपाईंहरू सबैले एउटा मात्र अङ्कको जोड गर्ने अवधारणा बुझ्नुभएको छ ?" । विद्यार्थीहरूले एकै स्वरमा जवाफ दिन्छन् ।	शिक्षकले सोध्छन्, "तपाईंहरूमध्ये कसैले "५+४" कति हुन्छ भन्न सक्नुहुन्छ ?" केही विद्यार्थीले हात उठाएर जवाफ दिन्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई १० योगफल आउने जोडी अङ्कहरू भन्न लगाउँछन् । यस क्रियाकलापमा अधिकांश विद्यार्थी सहभागी हुन्छन् ।
शिक्षकले भाग गर्ने सम्बन्धी पाठ पढाउँछन् तर प्रश्न सोध्दैनन् ।	शिक्षकले भाग गर्ने सम्बन्धी पाठ पढाउँदै विद्यार्थीहरूलाई केही प्रश्न हल गर्न लगाउँछन् । तथापि, शिक्षकले विद्यार्थीहरूले गरेका कार्यप्रति कुनै प्रतिक्रिया जनाउँदैनन् ।	शिक्षकले भिन्नहरु सम्बन्धी पाठ पढाउँदैछन् । उनले विभिन्न आकारहरू र रेखाचित्रहरू कोर्छन् र विद्यार्थीहरूलाई भिन्न बनाउन आग्रह गर्छन् । त्यसपछि उनले विद्यार्थीले गरेका कार्यको जाँच गरी उचित प्रतिक्रिया दिन्छन् ।
शिक्षकले कुनै व्याख्या नगरी सेतोपाटीमा भाग गर्ने सम्बन्धी लामो प्रश्न लेखी त्यसको हल गर्छन् । त्यसपछि उनले विद्यार्थीहरूलाई उक्त प्रश्नोत्तरलाई आफ्नो नोटबुकमा सार्न लगाउँछ ।	शिक्षकले सेतोपाटीमा भाग गर्ने सम्बन्धी लामो प्रश्न हल गरी त्यसको प्रक्रिया बताउँछन् । तर उनले यसलाई विस्तृतमा व्याख्या गर्दैनन् ।	शिक्षकले हातको हाउभाउ गर्दै प्रत्येक चरण बताई सेतोपाटीमा भाग गर्ने सम्बन्धी लामो प्रश्न हल गर्छन् । उनले प्रत्येक चरणको चिन्तन प्रक्रिया समेत सबैले सुन्ने गरी बताउँछन् ।
शिक्षकले भिन्नहरु सम्बन्धी पाठ पढाइरहेका छन् । उनले विद्यार्थीहरूले बुझे/नबुझेको जाँच नगरी एकोहोरो रूपमा सम्पूर्ण विषयवस्तुको व्याख्या गर्छन् ।	शिक्षकले अंशहरू सम्बन्धी पाठ पढाइरहेका छन् । पाठको क्रममा उनले विद्यार्थीलाई "अंश र भाजक भनेको के हो ?" भनी प्रश्न सोध्छन् ।	शिक्षकले अंशहरू सम्बन्धी पाठ पढाइरहेका छन् । पाठको क्रममा विभिन्न प्रकारका अंशहरू र त्यसका नाम भएको चार्ट प्रयोग गर्छन् । उनले विद्यार्थीहरूलाई सोध्छन्, "यो चार्ट हेरेर तपाईंहरूले के बुझ्नुहुन्छ ?" त्यसपछि प्रत्येक विद्यार्थीको छेउमा गई विभिन्न प्रश्न सोध्छन् । सही जवाफ दिन नसक्ने विद्यार्थीहरूका लागि उनले प्रष्ट हुने गरी पुन: व्याख्या गर्छन् ।

अंग्रेजी		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकले हो/होइन प्रश्नको जवाफ सोध्छन् । जस्तै: “तपाईंहरू सबैले Noun (नाम) भनेको के हो भन्ने बारेमा बुझ्नुभएको छ ?” सबै विद्यार्थीहरूले एकै स्वरमा जवाफ दिन्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई कक्षाकोठामा Noun (नाम) उदाहरण भन्न लगाउँछन् । थोरै विद्यार्थीहरूले मात्र हात उठाएर जवाफ दिन्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई कक्षाकोठामा Noun (नाम) को प्रयोग गरी वाक्य बनाउन लगाउँछन् ।
शिक्षकले पाठ पढाउँछन् र त्यसपछि प्रश्न सोध्छन् वा प्रश्न सोध्नका लागि समय छुट्याउँदैनन् ।	शिक्षकले Verb (क्रियापद) को बारेमा पढाँछन् र विद्यार्थीहरूलाई त्यसका उदाहरणहरू दिन लगाउँछन् ।	शिक्षकले Verb (क्रियापद) बारेमा पढाउँछन् । सबैभन्दा पहिले शिक्षकले सेतोपाटीमा Verb (क्रियापद) को परिभाषा लेख्छन् र कुनै पनि क्रिया (काम) जनाउन Verb (क्रियापद) को प्रयोग गरिन्छ भनी व्याख्या गर्छन् । त्यसपछि शिक्षकले कक्षाकोठामा कुनै क्रिया (काम) गरी त्यसैलाई Verb (क्रियापद) भनिने बताउँछन् । जस्तै: Walking (हिँड्ने) । साथै। शिक्षकले सेतोपाटीमा बोर्डमा Noun (नाम) र Verb (क्रियापद) का केही उदाहरणहरू लेखी तीमध्ये कुनचाहीं Verb (क्रियापद) हो बताउन लगाउँछन् ।
शिक्षकले मानिस, ठाउँ, जनावर वा चीजहरूको नामलाई नै Noun (नाम) भनिन्छ भन्दै केही उदाहरण मात्र दिन्छन् ।	शिक्षकले Noun (नाम) र त्यसको परिभाषाका बारेमा व्याख्या गरी Noun (नाम) को पहिचान गर्ने तयार पनि सिकाउँछन् ।	शिक्षकले Noun (नाम) र त्यसको परिभाषाका बारेमा व्याख्या गरी Noun (नाम) को पहिचान गर्ने तयार पनि सिकाउँछन् । उनले अंग्रेजी भाषाका विभिन्न शब्दहरू प्रयोग गर्दै तिनीहरू Noun (नाम) हुन् वा होइन् भनी छुट्याउने प्रक्रिया पूर्ण रूपमा व्याख्या गर्छन् ।
शिक्षकले Vowels (स्वरहरू) सम्बन्धी पाठ पढाइरहेका छन् । उनले Vowels (स्वरहरू) को परिभाषा मात्रै दिई त्यसलाई सेतोपाटीमा लेखेर विद्यार्थीहरूलाई भन्छन्, “भोलि म Vowels (स्वरहरू) का बारेमा जाँच लिन्छु ।”	शिक्षकले Vowels (स्वरहरू) बारे व्याख्या गर्छन् । सबैभन्दा पहिले उनले तिनीहरूलाई सेतोपाटीमा लेखी शिक्षकले Vowels (स्वरहरू) बाट सुरू हुने शब्दहरू पनि लेख्छन् । त्यसपछि केही विद्यार्थीलाई शिक्षकले Vowels (स्वरहरू) बाट सुरू हुने एक/दईवटा शब्द भन्न लगाउँछन् ।	शिक्षकले Vowels (स्वरहरू) बारे व्याख्या गर्छन् । उनले सेतोपाटीमा केही शब्दहरू लेखी चार/पाँचजना विद्यार्थीलाई ती शब्दमा कुनचाहीं Vowel (स्वर) हो भनी पहिचान गर्न लगाउँछन् । त्यसपछि शिक्षकले विद्यार्थीलाई Vowels (स्वरहरू) बाट सुरू हुने कम्तीमा पाँचवटा शब्द आफ्नो नोटबुकमा लेख्न लगाउँछन् । उनी कक्षाकोठाको चारैतिर घुम्दै केही विद्यार्थीले लेखेका उत्तरको जाँच गर्छन् ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले व्यक्तिगत वा सामूहिक कार्यको क्रममा अधिकांश विद्यार्थीको अनुगमन गर्छन्

सबै विषयमा लागू हुने		
न्यून	**मध्यम**	**उच्च**
विद्यार्थीहरू व्यक्तिगत वा सामूहिक रूपमा तोकिएको कक्षाकार्य गर्न व्यस्त भइरहेको समयमा शिक्षकले विद्यार्थीहरूको अनुगमन गर्दैनन् ।	विद्यार्थीहरू व्यक्तिगत वा सामूहिक रूपमा तोकिएको कक्षाकार्य गर्न व्यस्त भइरहेको समयमा शिक्षकले केही विद्यार्थीहरूको मात्र अनुगमन गर्छन् । वा यदि अनुगमन गरेका छन् भने विद्यार्थीले केही गलत गरेपनि त्यसलाई सुधार्न उनले विद्यार्थीलाई मद्दत गर्दैनन् ।	विद्यार्थीहरू व्यक्तिगत वा सामूहिक रूपमा तोकिएको कक्षाकार्य गर्न व्यस्त भइरहेको समयमा शिक्षकले अधिकांश विद्यार्थीको अनुगमन गर्छन् । विद्यार्थीले केही गल्ती गरेको बेला उनले त्यसलाई सच्याउन मद्दत गर्छन् ।
शिक्षकले विद्यार्थीहरूलाई दिइएको कथाबाट Common Noun (जातिवाचक नाम) र Proper Noun (व्यक्तिवाचक नाम) पहिचान गर्न सोध्छन् । उनले ३० मिनेटको कक्षाका ४-५ जना विद्यार्थीको मात्र कक्षाकार्यको अनुगमन गर्छन् ।	शिक्षकले कक्षाकोठामा यताउति घुम्दै विद्यार्थीहरूको कक्षाकार्यको जाँच गर्छन् । उनले केही विद्यार्थीहरूको गल्ती औंल्याए पनि त्यसलाई कसरी सुधार्ने भनेर टिप्पणी गर्दैनन् ।	शिक्षकले सम्पूर्ण विद्यार्थीको अनुगमन गरी केही विद्यार्थीले Proper Noun (व्यक्तिवाचक नाम) लेख्नुपर्ने ठाउँमा Common Noun (जातिवाचक नाम) लेखेको भनी औंल्याउँछन् । साथै, उनले Proper Noun (व्यक्तिवाचक नाम) र Common Noun (जातिवाचक नाम) बीचको भिन्नताबारे व्याख्या गरी विद्यार्थीलाई उनीहरूका गल्ती सुधार्न मद्दत गर्छन् ।
शिक्षकले एकै ठाउँमा बसेर विद्यार्थीहरूको निगरानी गर्छन् ।	शिक्षकले केही विद्यार्थीको मात्रै निगरानी गर्छन् ।	शिक्षकले सम्पूर्ण विद्यार्थीको निगरानी गरी उनीहरूमध्ये कसैलाई कुनै समस्या छ कि भनी सोध्छन् ।

रूब्रिक (अङ्क प्रदान गर्ने विधि) को उदाहरण : शिक्षकले विद्यार्थीको स्तर अनुसार शिक्षक क्रियाकलापलाई समायोजन गर्छन्

गणित		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकले विद्यार्थीहरूलाई सहभागी नगराई सेतोपाटीमा आफैंले गणितका प्रश्नहरू हल गर्छन् ।	शिक्षकले केही विद्यार्थीहरूलाई सहभागी गराई गणितका प्रश्नहरू हल गर्छन् तर प्रश्न गर्दैनन् ।	शिक्षकले अधिकांश विद्यार्थीलाई सहभागी गराई उनीहरूकै सहयोगमा चरणबद्ध रूपमा गणितका प्रश्नहरू हल गर्छन् ।
शिक्षकले ३ कक्षाका विद्यार्थीलाई एउटा अङ्कको जोड सम्बन्धी पाठ पढाउँछन् । उक्त कार्य अधिकांश विद्यार्थीका लागि सजिलो हुन सक्छ ।	हातमा लाग्ने (क्यारी गर्ने) दुई अङ्कको जोड सम्बन्धी पाठ पढाउँदा शिक्षकले केही विद्यार्थीले गलत क्यारी गरेको देख्छन् । शिक्षकले हातमा लाग्ने (क्यारी गर्ने) दुई अङ्कको जोड गर्ने प्रक्रियाका बारेमा मौखिक रूपमा व्याख्या गर्दै अगाडि बढ्छन् । मौखिक रूपमा मात्रै बताउँदा केही विद्यार्थीलाई बुझ्न गाह्रो हुन्छ ।	हातमा लाग्ने (क्यारी गर्ने) दुई अङ्कको जोड सम्बन्धी पाठ पढाउँदा शिक्षकले केही विद्यार्थीले गलत क्यारी गरेको देख्छन् । शिक्षकले एक (Ones) र दश (Tens) को अवधारणाबारे प्रष्ट पार्दै हातमा लाग्ने (क्यारी गर्ने) दुई अङ्कको जोड सम्बन्धी सम्पूर्ण प्रक्रियालाई व्यावहारिक प्रदर्शन गर्दै सेतोपाटीमा लेखेर व्याख्या गर्छन् । वैकल्पिक रूपमा शिक्षकले अन्य विद्यार्थीहरूको तुलनामा पहिले नै आफ्नो कार्य पूरा गरिसकेका विद्यार्थीलाई कठिन प्रश्नहरूको हल गर्न लगाउँछन् ।
विद्यार्थी सिकाइ उद्देश्य (SLO) प्रतिशत निकाल्ने (Percentage) रहेको छ । शिक्षकले आफ्नै तालमा एकोहोरो पढाइरहन्छन् । कुनै पनि चरणमा बहुविज्ञता रहेको पाइँदैन । शिक्षकले विद्यार्थीबाट भएका गल्तीलाई पूरै बेवास्ता गरी आफ्नै तरिकामा पढाउँछन् । जस्तैः ७५% को प्रश्न हल गर्न विद्यार्थीलाई कार्यपत्र (वर्कसिट) दिँदा विद्यार्थीले गलत उत्तर लेख्छन् । तर शिक्षकले त्यसलाई ध्यान नदिई र पुनः व्याख्या नगरी अगाडि बढ्छन् ।	विद्यार्थी सिकाइ उद्देश्य (SLO) प्रतिशत निकाल्ने (Percentage) रहेको छ । शिक्षकले धेरैजसो विद्यार्थीले २५/१०० को प्रतिशत कसरी निकाल्ने भन्ने प्रश्नको उत्तर गलत गरेको देख्छन् । उनले केही विद्यार्थीलाई मात्रै त्यसबारे प्रष्ट पारिदिन्छन् । तर, सबै विद्यार्थीको गलत उत्तरलाई सच्याउन मद्दत गर्दैनन् ।	विद्यार्थी सिकाइ उद्देश्य (SLO) प्रतिशत निकाल्ने (Percentage) रहेको छ । शिक्षकले सुस्त सिकाइदेखि राम्रो सिकाइ क्षमता भएका सबै विद्यार्थीको छेउमा गएर हेर्छन् । जस्तैः शिक्षकले धेरै विद्यार्थीलाई प्रतिशतको अंश लेख्न गाह्रो भइरहेको पाएपछि बीचैका क्रियाकलाप रोकेर सो सम्बन्धी अवधारणालाई पुनः व्याख्या गर्छन् । उनले राम्रो बुझाइ प्राप्त गरिसकेका विद्यार्थीलाई थप प्रश्न दिन सक्छन् ।

गणित		
न्यून	**मध्यम**	**उच्च**
तपाईंसँग कतिवटा पुस्तक छ ?	यदि एकजना विद्यार्थीसँग ५ वटा पुस्तक छ भने तपाईंको कक्षामा जम्मा कतिवटा पुस्तक छन् ?	दुईजना विद्यार्थीले १७ भाग (Parts) को खेल खेल्छन् । एकजना विद्यार्थीले एक पटकमा १ देखि ३ वटा भाग झिक्न सक्छन् । अन्तिम १ भाग झिक्ने विद्यार्थीले खेल जित्छन् । अब, तपाईंहरूले यो खेल जित्नको लागि गणितीय तरिका तयार गर्नुहोस् ।
भिन्नहरु (फ्र्याक्सन) बारे व्याख्या गरेपछि शिक्षकले पुस्तकमा दिइएका भिन्नहरुको अभ्यास पूरा गर्न लगाउन सक्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई कक्षाकोठाभित्रै रहेका भिन्नहरुको उदाहरण दिन लगाउन सक्छन् ।	शिक्षकले विद्यार्थीहरूलाई समूहहरूमा विभाजन गरी प्रत्येक समूहलाई केही फ्ल्यास कार्डहरू उपलब्ध गराएर तिनीहरूबाट अंशहरू छुट्याउन लगाउन सक्छन् । र त्यसपछि प्रत्येक समूहले तिनीहरूको "भिन्न" को प्रतिनिधित्व गर्नेछन् ।
विद्यार्थीहरूलाई सोच्नुपर्ने कार्य दिइएको छैन ।	विद्यार्थीहरूलाई केही हदसम्म सोच्नुपर्ने कार्य दिइएको छ ।	विद्यार्थीहरूलाई पूरै सोच्नुपर्ने कार्य दिइएको छ ।
शिक्षकले विषयवस्तु मात्रै पढाउँछन् ।	शिक्षकले विषयवस्तु व्याख्या गरी विद्यार्थीहरूलाई अभ्यास गर्न दिन्छन् ।	शिक्षकले विषयवस्तुको व्याख्या गरी अभ्यास गर्न दिन्छन् । उनले विद्यार्थीहरूलाई उक्त ज्ञान प्रयोग गरी केही सिर्जना गर्न चुनौती दिनुका साथै उनीहरूको समालोचनात्मक सोच अभिवृद्धिमा मद्दत गर्छन् ।
अंग्रेजी		
न्यून	**मध्यम**	**उच्च**
शिक्षकले सेतोपाटीमा Sentence (वाक्य) का केही उदाहरण लेखी विद्यार्थीहरूलाई नोटबुकमा सार्न र त्यसबाट सिक्न लगाउन सक्छन् ।	शिक्षकले विद्यार्थीलाई उनीहरूको दैनिक प्रयोगमा आउने पाँचवटा Sentence (वाक्य) नोटबुकमा लेख्न लगाउन सक्छन् ।	शिक्षकले विद्यार्थीलाई उनीहरूको दैनिक प्रयोगमा आउने पाँचवटा Sentence (वाक्य) र पाँचवटा Phrase (वाक्यांश) नोटबुकमा लेख्न लगाउन सक्छन् ।
शिक्षकले विषयवस्तु मात्रै पढाउँछन् ।	शिक्षकले व्याख्या विद्यार्थीलाई अभ्यास गर्न लगाउन सक्छन् ।	शिक्षकले विषयवस्तुको व्याख्या गरी अभ्यास गर्न दिन्छन् । उनले विद्यार्थीहरूलाई उक्त ज्ञान प्रयोग गरी केही सिर्जना गर्न चुनौती दिनुका साथै उनीहरूको समालोचनात्मक सोच अभिवृद्धिमा मद्दत गर्छन् ।

चरण ३: समुदायको सिकाइ (Community of Practice)

कार्यक्रमको तेस्रो चरण भनेको समुदायको सिकाइ (CoP) सत्र सञ्चालन गर्नु हो । यस सत्रको उद्देश्य शिक्षकहरू समूहमा बस्न, एउटा मुख्य शिक्षण अभ्यासमा ध्यान केन्द्रित गर्न र एकअर्काबाट सिक्न सक्षम भएको सुनिश्चित गर्नु रहेको छ । समुदायको सिकाइ (CoP) सत्र मेन्टरको नेतृत्वमा निम्नानुसार सञ्चालन गरिन्छ :

- मेन्टरले महिनामा एक पटक सिकाई सञ्जाल सत्र सञ्चालन गर्नेछन् । मेन्टरले विद्यालयका प्रधानाध्यापकको सहयोग लिन सक्नेछन् ।
- सत्रमा मेन्टरका सबै मेन्टीहरु सहभागी हुनेछन् ।

सत्रको संरचना

एजेण्डा निर्धारण गर्ने:
सत्रको सुरूमा मेन्टरले एजेण्डा निर्धारण गरी सहभागीहरूको हाजिरी अभिलेख राख्नुपर्छ । सहभागीहरूलाई सत्रका उद्देश्यहरू स्पष्ट हुनुपर्छ । मेन्टरले प्रत्येक सहभागीसँग नोटप्याड र स्टेशनरी सामग्री रहेको सुनिश्चित गर्नुपर्छ ।

अवलोकनहरूबाट प्राप्त अन्तर्दृष्टि (Reflection) बताउने:
मेन्टरले मेन्टीहरूको अवलोकनहरूबाट प्राप्त समग्र अन्तर्दृष्टि बताई त्यसका मुख्य ढाँचाहरू (pattern) माथि प्रकाश पार्नुपर्छ . त्यसपछि मेन्टरले मेन्टीहरूलाई उनीहरूको पाठको बारेमा आफ्नो अन्तरदृष्टि (Reflection) साझा गर्न अनुरोध गर्नुपछ । 'के काम भयो' र 'के सुधार गर्न सकिन्छ'।

सकारात्मक पक्षमाथि छलफल गर्ने: त्यसपछि मेन्टरले आफ्नो अवलोकनबाट देखिएका केही मुख्य सकारात्मक पक्षहरूमाथि प्रकाश पार्नुपर्छ । उदाहरणका लागि, यदि मेन्टरले शिक्षकहरूबाट सामान्यतया छात्र र छात्राहरू दुवैलाई समान व्यवहार गरिएको देख्नु भएको छ भने वहाँले भन्न सक्नु हुन्छ "तपाईंहरूमध्ये धेरैजसो शिक्षकले कक्षाकोठामा सबै लिङ्गका विद्यार्थीलाई समान व्यवहार गर्नुभएको मैले पाएँ ।"

सुधारका क्षेत्रहरूमाथि छलफल गर्ने: मेन्टरले अवलोकन गरिएका शिक्षण अभ्यासहरूको सन्दर्भमा सुधारका २-३ वटा क्षेत्र औंल्याउनुपर्छ ।

अर्को चरण: शिक्षकहरूले कक्षाकोठामा लागू गर्न सक्ने रणनीतिहरू (Strategies) माथि चिन्तन (Reflect) गर्ने ।

कार्ययोजना र प्रतिबद्धता

मेन्टी शिक्षकलाई गरिने सहयोगमा सुधार ल्याउन मेन्टरले कक्षाकोठा अवलोकन, मार्गदर्शन, र समुदायको सिकाइ सत्रहरूका आधारमा कार्य योजना तयार गर्नुपर्नेछ। कार्य योजना तयार गर्दा देहाय बमोजिमका पक्षहरूमा ध्यान दिनुपर्छ :

- प्रत्येक मेन्टरले आफ्ना लागि तोकिएको कार्य योजना तयार गर्नुपर्छ।
- मेन्टीसँग परामर्श गरी कार्य योजना तयार, समीक्षा र अद्यावधिक गर्नुपर्छ।
- कार्य योजनाले मुख्य शिक्षण अभ्यासहरूमा सुधारका लागि मेन्टीले गर्नुपर्ने मुख्य क्रियाकलाप/कार्यहरू तय गर्नुपर्छ।
- मेन्टरले तल दिइएको "**किन**" स्तम्भमा मेन्टीले निर्दिष्ट क्रियाकलापहरू किन सम्पादन गर्नुपर्छ भन्ने सम्बन्धमा स्पष्ट उल्लेख गर्नुपर्छ।
- "**कहिले**" स्तम्भमा मेन्टरले कति समयावधि भित्रमा मेन्टीले निर्दिष्ट क्रियाकलापहरू गरिसक्नुपर्छ भन्ने सम्बन्धमा उल्लेख गर्नुपर्छ। यसका लागि मेन्टीसँग परामर्श गरी समय तोक्नुपर्छ।
- "**कसरी**" स्तम्भमा मेन्टरले निर्दिष्ट क्रियाकलापहरूको सम्पादनका लागि मेन्टीले अवलम्बन गर्न सक्ने केही रणनीतिहरू उल्लेख गर्नुपर्छ।
- प्रत्येक क्रियाकलापको अन्त्यमा मेन्टरले क्रियाकलापहरूको सम्पादनका लागि मेन्टीबाट गरिएको प्रयासहरूका बारेमा केही कैफियत (Remarks) लेख्नुपर्छ।

क्र.सं.	क्रियाकलाप	किन	कहिले	कसरी	कैफियत
१					
२					
३					
४					
५					
६					
७					
८					
९					
१०					

परिच्छेद ३

मुख्य भूमिका र जिम्मेवारी

१. प्रधानाध्यापकको भूमिका

शिक्षक व्यावसायिक सहयोग प्रणालीका रूपमा शिक्षक मेन्टरिङ सञ्चालन गर्ने कार्यमा प्रधानाध्यापकको भूमिका निम्नानुसार हुनेछः

- शिक्षकहरूलाई मेन्टरिङ मार्फत व्यावसायिक विकासका लागि सहयोग गर्ने
- शिक्षकहरूलाई मेन्टरिङ कोर्स (पाठ्यक्रममा) सहभागी हुन अनुमति दिने
- शिक्षकहरूको कक्षाकोठा कार्यसम्पादन अवलोकन गरी रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने

२. फिल्ड मेन्टरको भूमिका

- शिक्षक मेन्टरिङ कार्यलाई नियमित , सार्दर्भिक्, गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यकताअनुसार मेन्टरहरुलाई प्राविधिक सहायता उपलब्ध गराउने
- विविधतापुर्ण कक्षामा प्रभावकारी शिक्षण बिधिको प्रयोग गर्न आवश्यक पर्ने ज्ञान सिप आर्जन गर्न मेन्टरहरुलाई सहयोग प्रदान गर्ने
- मेन्टरहरुबाट सम्पादन हुँदै आएको शिक्षक मेन्टरिङ अभ्यासको निरन्तर निरिक्षण तथा सुपरिवेक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने

३. मेन्टरको भूमिका

- मेन्टीहरू लगायत सम्बन्धित सरोकारवालाहरूसँग स्टार्ट-अप (सुरू) बैठक सञ्चालन गरी उनीहरूलाई मेन्टरिङ सहयोग प्रणालीका विविध पक्षहरूका बारेमा अभिमुखीकरण प्रदान गर्ने
- संयुक्त रूपमा मेन्टरिङ तालिकाको योजना बनाउने
- आवश्यकता अनुसार प्रदर्शन कक्षाको आयोजना गर्ने
- शिक्षकहरूलाई शिक्षण सम्बन्धी (पेडागोजिकल) सहयोग प्रदान गर्ने
- मेन्टीको कक्षा अवलोकन गरी आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने
- अभ्यासको समुदाय गठनमा सहजीकरण गर्ने
- मेन्टीहरूलाई आफ्ना अनुभव सुनाउने अवसर प्रदान गर्ने
- मेन्टीहरूलाई व्यावसायिक विकासका क्रियाकलाप जारी राख्न प्रोत्साहन गर्ने

४. मेन्टीको (नवप्रवेशी शिक्षक) भूमिका

- मेन्टरसँग स्टार्ट-अप (सुरू) बैठकहरूमा भाग लिने
- योजना बनाइएको तालिकामा सहमत हुने
- योजनाबद्ध क्रियाकलापहरूमा सहभागी हुने
- कक्षाकोठा क्रियाकलापहरू गरी यसले विद्यार्थीहरूको कार्यसम्पादनमा पारेको प्रभावका बारेमा चिन्तन मनन गर्ने
- अन्य मेन्टी र मेन्टरसँग सहकार्य गर्ने
- समुदायको सिकाइमा सक्रिय रूपमा सहभागिता जनाउने